सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ कात्तिक २०८२, मंगलबार (11 Nov 2025, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २०१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

दिल्लीको लालकिल्लानजिकै शक्तिशाली विस्फोट

कम्तीमा १३ को मृत्यु, २४ घाइते



चाँदनी चोक मेट्रो स्टेसनमा गुडिरहेको कारमा भएको विस्फोटपछि मुम्बई, जयपुर, उत्तर प्रदेश र उत्तराखण्डमा उच्च सतर्कता

(विस्तृत पृष्ठ ५)

सम्झौताको आठ वर्षसम्म पुलको पिल्लरसमेत बनेन



कैलाली, उदयपुर, कास्कीलगायतका विभिन्न जिल्लामा निर्माणाधीन दर्जनौं पक्की पुल अलपत्र अवस्थामा छन् । धेरैजसो स्थानमा ठेकेदारको लापरबाहीका कारण पुल अलपत्र परेका छन् ।

(विस्तृत पृष्ठ ३)

राँगा-भैंसी पाल्नेलाई ५०% अनुदान

२३ जिल्लामा लागू हुने कार्यक्रमका लागि आव ०८२/८३ मा चार करोड ८० लाख विनियोजन

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेस्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ अझै पनि सत्ताको घिनौनो खेलमा एमाले

उपचार गर्न जनकपुरबाट हिँडेकी प्रदेश प्रमुखले झिसमिसेमै होटेलमा खुवाइन् मुख्यमन्त्रीलाई शपथ

एमाले अध्यक्ष ओलीले दुई वर्षअघि आफ्नै पिएकी काकी सुमित्रालाई कोटामा प्रदेश प्रमुख नियुक्त गरे, अहिले जबर्जस्ती मुख्यमन्त्री नियुक्ति गर्न उनैलाई प्रयोग गरे

एमालेकै प्रमुख सचेतक हरिनारायण महतो भन्छन्-

रातारात कसरी र कहाँबाट चलखेल भयो, बुझ्न सकिएन



हाम्रो दलका नेतासँग आइतबार सामान्य छलफल भएको थियो, तर १६८(२) लाई बाइपास गरी उपधारा (३) अनुसार सरकार गठन गर्ने विषयमा कुरै उठेको थिएन । १६८(२) अनुसार सरकार गठन हुनुपर्छ भन्ने मेरो धारणामा सरोज यादव पनि सहमत हुनुहुन्थ्यो, तर राति कसरी र कहाँबाट चलखेल भयो, बुझ्न सकिएन ।

■ नियुक्तिविरुद्ध सर्वोच्चमा दुई रिट, ७४ सांसदको हस्ताक्षरसहित सात विपक्षी दल पनि आज रिट दर्ता गर्दै

■ संविधानविपरीत काम गरेको भन्दै सरकारले हटायो प्रदेश प्रमुख सुमित्रालाई, नयाँ प्रदेश प्रमुखमा कर्ण

जनकपुरधाममा **हरिश खुद्दार**
काठमाडौंमा **कमलराज भट्ट**

जेन-जी आन्दोलनको धक्काले किनारामा परेपछि दलहरूबाट आधारभूत नैतिक अभ्यास र चरित्रको अपेक्षा गरिए पनि मधेश प्रदेशमा 'फिक्सिड'मा मुख्यमन्त्री नियुक्ति र शपथपछि राजनीतिक वृत्तले फेरि नकारात्मक चर्चा पाएको छ । मधेश प्रदेश प्रमुख (सोमबार साँझ

» पृष्ठ २ मा क्रमशः



उपचारका नाममा जनकपुरधामबाट काठमाडौं हिँडेकी प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संवैधानिक व्यवस्था र सर्वोच्च अदालतको नजिर बेवास्ता गर्दै संविधानको धारा १६८(३) अनुसार एमाले नेता सरोजकुमार यादवलाई सोमबार झिसमिसेमै मुख्यमन्त्रीमा नियुक्त गर्दै होटेलमा शपथ खुवाइन् ।

■ एमाले नेतृ सुमित्रालाई ओलीले बनाएका थिए मधेशको प्रदेश प्रमुख

सोमबार प्रदेश प्रमुख पदबाट बर्खास्तमा परेकी सुमित्रा सुवेदी (भण्डारी) एमाले कार्यकर्ता हुन् । उनी अध्यक्ष केपी ओलीका पूर्वपिए इन्द्र भण्डारीकी काकी हुन् । ओलीको सिफारिसमा २९ फागुन ०८० मा एमाले-माओवादी गठबन्धन सरकारले भण्डारीलाई मधेश प्रदेश प्रमुख बनाएको थियो । आफ्नै गृहनगर दमककी सुवेदीलाई त्यसअघि ओलीले राजदूत बनाउन चाहेका थिए । प्रधानमन्त्री रहेका बेला ०७८ वैशाखमा डेनमार्कका लागि राजदूत प्रस्ताव पनि गरेका थिए । तर, सर्वोच्चको आदेशबाट प्रधानमन्त्री पदच्युत हुनुका साथै कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वमा नयाँ सरकार बनेपछि भण्डारी राजदूत बन्न पाएकी थिइनन् ।

बहुमतको सरकारबारे सर्वोच्चको नजिर

सर्वोच्च अदालतले नेपालको संविधानको धारा १६८ (२) अनुसार बहुमत जुटाउन सक्ने सदस्यलाई नै मुख्यमन्त्री नियुक्त गर्नुपर्ने आदेश दिएको नजिर छ । कोशी प्रदेशमा सभामुख बाबुराम गौतमले हस्ताक्षर गरेर उद्धव थापालाई ११ साउन ०८० मा मुख्यमन्त्री नियुक्त गरेका थिए, जसलाई अदालतले बदर गऱ्यो ।

एमाले नेता हिक्मत कार्की आफूलाई धारा १६८ (३) अनुसार मुख्यमन्त्री बनाउन माग गर्दै २२ असारमा सर्वोच्च पुगेका थिए । तर, अदालतले १६८ (२) अन्तर्गत सरकार गठनको सम्भावना रहेसम्म १६८ (३) लागू नहुने भन्दै माग अस्वीकार गऱ्यो ।

पूर्ण इजलासले सात दिनभित्र धारा १६८ (२) अनुसार बहुमत पाउने सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्न आदेश दिएको थियो । त्यसपछि थापा कांग्रेस, माओवादी, समाजवादी र सभामुखको समर्थनमा २१ असारमा मुख्यमन्त्री बनेका थिए ।

तर, थापाले विश्वासको मत पाएको विषयमा विवाद भएपछि मुद्दा फेरि सर्वोच्च पुगेको थियो । कांग्रेसका प्रदेश सभा सदस्य इम्राइल मन्सुरको मतसमेत गणना गरी विश्वासको मत पाएको भनी घोषणा भएपछि फेरि विवाद अदालत पुगेको थियो । अन्ततः अदालतले थापाले विश्वासको मत नपाएको ठहर गर्दै १६८ (३) अनुसार सरकार गठनको आदेश दिएपछि हिक्मत कार्की मुख्यमन्त्री बने ।

■ कानुनविद्हरू भन्छन्-

प्रदेश प्रमुखको निर्णय संविधान र सर्वोच्चको नजिरविपरीत



● **प्रा.डा. गान्धी पण्डित**, वरिष्ठ अधिवक्ता

सर्वोच्चले एउटा गठबन्धन सरकारले समर्थन गुमाएर राजीनामा दिएमा अर्को विकल्प हुँदासम्म १६८(२) मै जानुपर्छ भनेको छ । विकल्प भएन भने उपधारा ३ अनुसार ठुलो दलको नेताको नेतृत्वमा बनाउने हो । सर्वोच्चले व्याख्या गरिसकेको अवस्थामा अहिले बहुमत कसले देखाउन सक्छ भनेर जानुपर्थ्यो । १६८ (२) अनुसार नै आह्वान गर्नुपर्थ्यो । आह्वान नै नगरेर (३) मा जाँदा संविधान उल्लंघन भएको देखिन्छ ।



● **दीपेन्द्र झा**, पूर्वमुख्यन्यायाधिवक्ता, मधेश

हाम्रो निर्वाचन प्रणाली कसैको बहुमत नआउने हुँदा १६८(२) को प्रयोग बारबार गर्नुपर्छ भनेर सर्वोच्चले तत्कालीन प्रधानमन्त्री केपी ओलीको मुद्दामा भन्यो । कोशीको हिक्मत कार्कीको मुद्दामा बोल्यो । गण्डकीको मुद्दामा पनि बोल्यो । यति स्पष्ट हुँदाहुँदै पनि प्रदेश प्रमुखले होटेलमा शपथ गराएर एउटा संस्थाको गरिमा पनि मेन्टेन गरिदिनुभएन । मधेशको संघीयता र प्रदेश संरचनालाई विकृत बनाइदिनुभयो ।



● **चन्द्रकान्त ज्ञवाली**, संविधानविद्

सदनबाट आह्वान गर्नुपर्थ्यो, सडकबाट सरकार बनाउने काम भयो । यो प्रक्रियागत त्रुटि हो । त्यही भएर प्रदेश प्रमुख बर्खास्त गरेको हुन सक्छ । संसद्बाटै गर्नुपर्थ्यो, सडकबाट होइन । तर, उपधारा ३ बाटै बन्ने हो ।

प्रहरी कमान्ड अब कार्कीको काँधमा



वरीयताअनुसार ३३औं प्रहरी महानिरीक्षक नियुक्त भएका **दानबहादुर कार्कीले २९ महिना सम्हाल्नेछन् नेतृत्व**



नयाँ पत्रिका

सरकारले वरीयताअनुसार नै नेपाल प्रहरीमा नयाँ नेतृत्व चयन गरेको छ । प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी)को वरीयतामा पहिलो नम्बरमा रहेका दानबहादुर कार्कीलाई सोमबार मन्त्रिपरिषद्ले महानिरीक्षक (आइजिपी) नियुक्त गरेको हो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलका अनुसार कार्कीले २७ कात्तिकदेखि नेतृत्व सम्हाल्नेछन् । बहालवाला आइजिपी चन्द्रकुवेर खापुड्ले २६ कात्तिकदेखि अनिवार्य अवकाश पाउँदै छन् ।

अहिलेकै प्रहरी नियमावलीको प्रावधानअनुसार कार्कीले १७ चैत ०८४ सम्म अर्थात् दुई वर्ष

» पृष्ठ २ मा क्रमशः

■ म पनि भोट हाल्ने हो...



▲ मतदाता नामावली दर्ता गराउन जिल्ला निर्वाचन कार्यालय मोरङमा सोमबार लागेको भिड । मोरङमा २४ कात्तिकसम्म ८८७४ जनाले नाम दर्ता गरिसकेको कार्यालयका सूचना अधिकारी तीर्थराज अधिकारीले बताए । ३० कात्तिकसम्म मात्रै नामावली दर्ताको अवधि भएकाले पछिल्ला दिन देशभरकै निर्वाचन कार्यालयहरूमा नाम दर्ता गराउनेको भिड बढ्न थालेको छ । तर, यहाँ सर्भरमा समस्या आउँदा सेवामा ढिलासुस्ती भएको गुनासो छ । तस्बिर : **गणेश लम्साल**/नयाँ पत्रिका

▲ प्रदेश निर्वाचन कार्यालय हेटौंडामा मतदाता नामावली दर्ता गराउँदै । सोमबार मात्रै ५७९ जनाले नामावली दर्ता गराएको निर्वाचन अधिकारी हरिप्रसाद ढकालले बताए । तस्बिर : **पोष्टराज अधिकारी**/नयाँ पत्रिका

धान बेच्न पाँच दिनसम्म लाइनमा किसान

सरकारले तोकेको समर्थन मूल्य गल्ला व्यापारीले दिने भाउभन्दा बढी भएकाले किसान खाद्य व्यवस्था तथा व्यापार कम्पनीका खरिद केन्द्रमा धान बेच्न चाहन्छन्, तर कैलालीमा खाद्यले खरिदको निश्चित कोटा मात्रै तोकेकाले एकैपटक धेरै किसानको लाइन लागेको छ

धनगढीमा **तेजराज भट्ट**

रोपाइँ गर्दादेखि नै सिँचाइ र मलको अभाव झेल्दै बल्लतल्ल उब्जाएको धान बेच्न पनि किसानले कष्ट भोग्नुपरेको छ । ट्र्याक्टर र गाडामा धान लोड गरेर सडकछेउमा लागेको यो लाइन कैलाली जोशीपुरको हो । सरकारी कम्पनी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका खरिद केन्द्रमा धान बिक्री गर्न किसान पाँच दिनसम्म पालो कुर्न बाध्य छन्, उनीहरू राति पनि त्यहीं सुत्छन् ।

गल्ला व्यापारीले खाद्यले जति भाउ दिँदैनन् । खाद्यले सरकारले तोकेको दरेटमा खरिद गर्छ । तर, खाद्यले खरिदको निश्चित कोटा तोकेकाले किसानहरू एकैपटक बिक्रीका लागि लाम्दा भिड बढेको हो । यो वर्ष खाद्यले कैलालीमा ३५ हजार क्विन्टल मात्रै खरिदको कोटा निर्धारण गरेको छ । जिल्लाका ६ ठाउँ धनगढीको मोहनपुर, गौरीगंगा नगरपालिकाको मसुरिया, टीकापुर नगरपालिकाको टीकापुर र सत्ती तथा जोशीपुर र भजनीमा खाद्यले खरिद केन्द्र राखेको छ । खाद्यको प्रादेशिक कार्यालय धनगढीका अनुसार ६ वटै खरिद केन्द्रमा धान बेच्ने किसानको अत्यधिक भिड छ ।

गोदावरी नगरपालिका गेटाका किसान तुल्सी रानाले

» पृष्ठ २ मा क्रमशः



टीकापुरको सत्तीस्थित खाद्यको डिपोअगाडि बिक्रीका लागि सडकमा धान बोकेका ट्र्याक्टर र गाडाको लाइन

'गल्ला व्यापारीले भन्दा केही राम्रो भाउ पाइन्छ भनेर खाद्यमा बेच्न ल्याइयो, तर पाँच दिनसम्म पालो लाग्नुपर्ने दुःख सुनाइसाध्ये छैन,' गोदावरी नगरपालिका गेटाका किसान तुल्सी रानाले, 'खरिद डिपोमा काँटा एउटै छ, काम गर्ने मान्छे पनि कम छन्, त्यसैले ढिला भएको हो ।'

सरकारलाई एमाले अध्यक्ष ओलीको चुनौती

'चुनाव गरेर देखाऊ न त'

शुरोजंग पाण्डे/नयाँ पत्रिका

जेन-जी आन्दोलनमा अपदस्थ पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार 'अरू कसैले बनाइदिएको' ईंगित गर्दै आफ्नो पार्टीले २१ फागुनमा चुनाव गर्न नदिने चुनौती दिएका छन् । सोमबार राष्ट्रिय सभागृहमा आयोजित 'घर फर्क राष्ट्रिय अभियान'लाई सम्बोधन गर्दै ओलीले सरकार चुनाव गराउन नबनेको दाबी गर्दै यसको संवैधानिक हैसियतमाथि प्रश्न उठाए ।

'जति उफ्रिए पनि सरकारको समय फागुन २१ मा सकिन्छ । तर, घामजून रहेसम्म रहिरहने फुर्ती छ । ताउरमाउर गरेको छ, चुनाव गरेर देखाऊ न त । यो सरकार चुनाव गराउन बनेको होइन । यस्तो हामीले विभिन्न देशमा देखेका छौं । हरेकलाई ६ महिनामा चुनाव गराउन भनिएको हुन्छ । तर, ५-६ वर्षसम्म पनि चुनाव नभएको देखेका छौं,' ओलीले भने ।

ओलीले सरकारका गतिविधि चुनाव गर्नेतर्फ नभएको दाबी गरे । 'चुनाव गराउँछु भन्ने सरकार (प्रधानमन्त्री) राजनीतिक

» पृष्ठ २ मा क्रमशः



सोमबार राष्ट्रिय सभागृहमा आयोजित 'घर फर्क' राष्ट्रिय अभियान घोषणा सभालाई सम्बोधन गर्दै एमाले अध्यक्ष केपी ओली

असंवैधानिक सरकारलाई मान्यता दिने होइन, प्रतिनिधिसभा पुनर्स्थापना गरेर राष्ट्रलाई ट्र्याकमा फर्काउने हो । देशभरका सम्पूर्ण पार्टी कमिटीहरू, सदस्यहरू अलमल र द्विविधामा नपरी संसद् पुनर्स्थापनामा फोकस हुनुस् । यो पार्टीनीति र निर्णय हो ।

Upakar Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
Head Office Kohalpur-11 Banke

उपकार

Condensed Statement of Financial Position

As on Quarter ended 31st Ashwin, 2082 (Rs. in '000)

Assets	This Quarter Ending	Immediate Previous Year Ending
Cash and cash equivalent	175,203,057	364,515,502
Statutory Balances and due from Nepal Rastra Bank	14,299,655	14,299,655
Placement with Bank and Financial Institutions		
Derivative Financial Instruments	-	
Other Trading Assets	-	
Loan and advances to MFIs & Cooperatives	-	
Loans and Advances to Customers	2,449,387,476	2,422,285,856
Investment Securities	-	
Current Tax Assets	-	
Investment Property	-	
Property and Equipment	9,182,013	7,642,677
Goodwill and Intangible Assets	-	
Deferred Tax Assets	15,456,950	18,630,826
Other Assets	170,192,009	31,901,992
Total Assets	**2,833,721,160**	**2,859,276,508**
Liabilities		
Due to Bank and Financial Instituions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	1,447,830,845	1,402,729,492
Borrowing	804,123,610	924,966,033
Current Tax Liabilities	3,311,000	21,470,994
Provisions	334,500	334,500
Deferred Tax Liabilities	-	-
Other Liabilities	197,983,127	197,791,248
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total liabilities	**2,453,583,082**	**2,547,292,268**
Equity		
Share Capital	106,148,200	106,148,200
Share Premium		
Retained Earnings	12,012,037	12012037
Reserves	194,205,701	193,831,830
Total Equity	**312,365,938**	**311,992,067**
Total Liabilities and Equity	**2,765,949,020**	**2,859,284,335**

Condensed Statement of Profit & Loss For the Quarter ended 31st Ashwin 2082

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter YTD
Interest Income	84,893,941	84,893,941	74,956,000	74,956,000
Interest Expense	42,115,406	42,115,406	45,032,000	45,032,000
Net Interest Income	**42,778,535**	**42,778,535**	**29,924,000**	**29,924,000**
Fee and Commission Income	578,758	578,758	466,000	466,000
Fee and Commission Expense			-	-
Net Fee and Commission Income	**578,758**	**578,758**	**466,000**	**466,000**
Net Interest, Fees and Commission Income	**43,357,293**	**43,357,293**	**30,390,000**	**30,390,000**
Net Trading Income	-	-	-	-
Other Operating Income	7,252,140	7,252,140	4,835,000	4,835,000
Total Operating Income	**50,609,433**	**50,609,433**	**35,225,000**	**35,225,000**
Impairment Charge/(reversal) for Loans and Other Losses	7,706,049	7,706,049	679,000	679,000
Net operating income	**42,903,385**	**42,903,385**	**34,546,000**	**34,546,000**
Operating Expense	**30,581,331**	**30,581,331**	**26,120,000**	**26,120,000**
Personnel Expenses	26,920,490	26,920,490	22,383,000	22,383,000
Other Operating Expenses	3,151,579	3,151,579	3,213,000	3,213,000
Depreciation & Amortization	509,262	509,262	524,000	524,000
Operating Profit	**12,322,054**	**12,322,054**	**8,426,000**	**8,426,000**
Non-Operating Income	-	-	-	-
Non-Operating Expense	56,840	56,840	75,000	75,000
Profit before Income Tax	**12,265,214**	**12,265,214**	**8,351,000**	**8,351,000**
Income Tax Expense				
Current Tax				
Deferred Tax	4,538,129	4,538,129	3,090,000	3,090,000
Profit for the Period	**7,727,085**	**7,727,085**	**5,261,000**	**5,261,000**

Condensed Statement of Comprehensive income

Profit for the period	7,727,085	7,727,085	5,261,000	5,261,000
Other Comprehensive Income				
Total Comprehensive Income	**7,727,085**	**7,727,085**	**5,261,000**	**5,261,000**
Earnings Per Share		7.28		4.96
Basic Earnings Per Share		29.11		19.83
Diluted Earnings Per Share		29.11		19.83

Ratios as per NRB Directives

Particulars	Current Year		Previous Year Corresponding	
This Quarter	This Quarter	Up to This Quarter	This Quarter	Up to This Quarter
Capital Fund to RWA		9.29%		9.62%
Non-Performing Loan (NPL) to Total Loan		5.45%		1.25%
Total Loan Loss Provision to total NPL		95.43%		244.00%
Cost of Funds		7.61%		9.61%
Credit to Deposit & Borrowing Ratio		114.74%		171.82%
Base Rate		13.31%		15.33%
Interest rate spread		6.17%		5.39%

Interest Rates

1. **Deposits : 7.5% - 10%**	2. **Loan & Advances : 15%**

Statement Of Distributable Profit or Loss For the Quarter ended 31st Ashwin 2082

Particulars	Current Year Upto This Qtr Ytd	Previous Year Correspondng Qtr YTD
Net profit or (loss) as per statement of profit or loss	**7,727,085**	**5,261,000**
Appropriations:		
a. General reserve	89,401,713	89,401,713
b. Foreign exchange fluctuation fund		
c. Capital redemption reserve		
d. Corporate social responsibility fund	-	-
e. Employees' training fund	1,489,028	1,613,828
f. Client Protection Fund	3,795,325	5,034,776
g.Other	15,456,950	35,033,918
Profit or (loss) before regulatory adjustment		
Regulatory adjustment :	**2,560,472**	**8,107,034**
a. Interest receivable (-)/previous accrued interest received (+)	2,560,472	8,107,034
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	
c. Short provision for possible losses on investment (-)/reversal (+)	-	-
d. Short loan loss provision on Non-Banking Assets (-)/resersal (+)	-	-
e. Deferred tax assets recognised (-)/ reversal (+)	-	
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	
g. Bargain purchase gain recognised (-)/resersal (+)	-	
h. Actuarial loss recognised (-)/reversal (+)	-	
i. Other	-	
Net Profit for the 3rd Qtr end 2080/81 available for distirubtion		
Opening Retained Earning	12,012,037	(33,197,576)
Adjustment (+/-)		
Distribution:	-	
Bonus shares issued		
Cash Dividend Paid	-	-
Total Distributable profit or (loss) as on Qtr. end date	**12,012,037**	**(33,197,576)**
Annualized Distributable Profit/Loss per share	11.32	(31.27)

Note :
1. The above figures are subject to change upon the regulator's instruction and /or statutory auditors.
2. The detail interim financial report has been published in the website.
3. The microfinance has applied alternative treatment in the crave out issued by the Institute of Chartered Accounts of Nepal with respect to the Impairment of Loans & Advances.
4. Personnel expenses include the Provisions for Employee bonuses.
5. Loans & Advances are presented net of Impairment charges.
6. Actuarial Valuation will be done on annual basis for Employee Benefits.
7. The difference in profit as per the NFRS and GAAP has been transferred to Regulatory Reserve.
8. Previous period figures are regrouped / restated wherever necessary for consistent presentation and comparison.

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व २०८२/२०८३ को प्रथम त्रैमासिक प्रतिवेदन

१.वित्तीय विवरण :
(क) त्रैमासिक वासलात, नाफा नोक्सान सम्वन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।
(ख) प्रमुख वित्तीय अनुपातहरू

प्रति शेयर आम्दानी	मुल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मुल्य	तरलता अनुपात
२९.११	१२०.९९	२३१.३३	२६६९.५९	१२.६५

२. व्यवस्थापकिय विश्लेषण :
(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धि विवरण :
आर्थिक वर्ष २०८२/२०८३ को प्रथम त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको तरलताको समस्यालाई व्यवस्थापन गरी कर्जा लगानी एंव बचत परिचालन गरिएको छ, अघिल्लो त्रयमासको तुलनामा यस त्रयमासमा संस्थाको नाफावृद्धि भएको छ । वित्तीय बजारमा देखिएको मन्दी निरन्तर रहेमा आगामी दिनमा योजना अनुरुपको प्रतिफल हासिल गर्न कठिन हुने देखिन्छ ।
(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरण :
प्रादेशिकस्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरु देखि नै वित्तीय पहुँच अभिवृद्धि गराई गरिवी घटाउने, वित्तीय समावेशिकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामिण समुदायमा लघुवित्त सेवा विस्तार उद्देश्य अनुरुप लुम्बिनी प्रदेशका सम्पूर्ण जिल्लाहरूमा कार्यक्रम विस्तार गरी कार्यक्रम संचालन गरी थप कर्जा लगानी तथा बचत संकलनलाई वृद्धि गर्दै लैजाने । यस वित्तीय संस्थामा आवद्ध सदस्यहरूको परिवारको दिगो विकास एंव सुनिश्चित भविश्यका लागि संस्थाले छरिएर रहेको बचत संकलनलाई जोड दिदै आईरहेको छ । सदस्यहरूको दिगोपनलाई ध्यानमा राखी उनिहरूमा स्वरोजगार सृर्जना गर्ने उद्देश्यले उद्यमशिल र उत्पादनशिल क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ संस्था अग्रसर रहेको छ । चालु आर्थिक वर्ष २०८२/२०८३ मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागि प्रविधिको उच्चतम प्रयोगमा सदस्य, कर्मचारीहरूको दक्षता एंव कार्यकुशलतामा अभिवृद्धि गर्न कर्मचारीको उत्पादकत्व वृद्धि गर्न एंव आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन तालिम, गोष्ठी कार्यक्रम संचालन भईरहेको छ । व्यवसायिक योजना अनुरुप लक्ष्य प्राप्तीका लागि आवश्यक कामहरू भईरहेका छन् । वित्तीय संस्थाले प्रदान गर्ने सेवा तथा सुविधाहरूलाई सदस्यको आवश्यकता अनुरुप समय सापेक्ष परिष्कृत गर्दै सदस्यहरूमा उद्यमशिलता तथा व्यवसायिक सीप विकासका साथै डिजिटल वित्तीय साक्षरताको अभियानलाई विस्तार गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेकोछ ।
(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :
सदस्य, ऋणी, कर्जाको आकार तथा कर्जा असुली मा भएको सकारात्मकताले गर्दा आगामी दिनमा वित्तीय संस्थाको कार्यक्रमको गुणस्तर सुदृढ भई आम्दानीमा अझ वृद्धि हुनेमा व्यवस्थापन विश्वस्त छ । लघुवित्त संस्थाहरूमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा तथा सदस्यहरूमा कर्जाको अधिकभार बढ्नुका साथै विभिन्न समुहहरूका नाममा फैलाईएको विकृतिले वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा असर पर्न गएको छ । कर्जा सूचना केन्द्रको प्रभावकारीता वृद्धि हुँदै जाँदा जोखिमहरू क्रमश:न्यून हुँदै जाने देखिन्छ ।
३. कानुनी कारवाही सम्बन्धी विवरण :
(क) यस अवधिमा यस वित्तीय संस्थाले कसैका उपर मुद्दा दायर नगरेको साथै वित्तीय संस्था विरुद्ध मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको ।
(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको ।
(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको ।
४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :
(क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ । वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथा नियमको परिधि भित्र रही प्रवाहित गरिने छ । लगानी कर्ताहरूको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा भविष्यमा कारोवार मुल्य सकारात्मकता तर्फ उन्मुख हुने आंकलन गर्न सकिन्छ ।
(ख) नेपाल स्टक एक्सचेन्जको वेभ साइट अनुसार मिति २०८२/०४/०१ देखि २०८२/०६/३१ सम्मको अवधिमा शेयरको कारोवार निम्नानुसार भएको देखिन्छ । (श्रोत : https://www.nepalstock.com

अधिकतम मुल्य (रु.)	न्यूनतम मुल्य (रु.)	अन्तिम मुल्य (रु.)	कारोवार भएको कुल दिन	कारोवार संख्या
३७६०.५३	३४८९	३५२२	५१	२७७५

५. समस्या तथा चुनौती :
वित्तीय वजारमा बढ्दो राजनैतिक अस्थिरताका कारण सदस्यहरूको व्यवसाय तथा आयआर्जन प्रभावित भई लघुवित्त क्षेत्रमा दिर्घकाल सम्म गहिरो प्रभाव पर्न सक्ने देखिन्छ । कर्मचारीहरूको दक्षता अभिवृद्धिमा कमि भई उत्पन्न हुन सक्ने जोखिम एवं नियमनकारी निकायबाट अप्रत्याशित रुपमा हुने नीति तथा निर्देशनमा परिवर्तनका कारणले थप चुनौतीहरूको सामना गर्नुपर्ने अवस्था आउन सक्नेछन् ।
६. संस्थागत सुशासन :
नियमनकारी निकायसँग सम्बन्धित ऐन, कानुन तथा नीति नियम तथा निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिवद्ध र प्रतिवद्ध रहँदै आएको छ । नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुको साथै प्रचलित ऐनहरू तथा कानुनहरूको परिपालनामा विषेश ध्यान दिँदै आफ्ना शेयरधनीहरू, सर्वसाधारण सदस्यहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको हितको संरक्षण तथा सम्बर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ ।
७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरूलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।
८. नियम २६ को उपनियम (५) सग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धीविवरण : नभएको ।

उपचार गर्न...

पृष्ठ १ बाट क्रमशः

बर्खास्त) सुमित्रा सुवेदी भण्डारीले एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मध्यराति मुख्यमन्त्री नियुक्त गरेर एकाबिहानै होटेलमा शपथ खुवाएपछि त्यसको राजनीतिक र कानुनी प्रतिवाद पनि सुरु भएको छ ।

उपचार गराउन काठमाडौं हिँडेँ भनेर जनकपुरबाट बिदा भएकी भण्डारीले सरकार गठनको आह्वानविनै 'फिक्सिङ'मा मुख्यमन्त्री नियुक्त गरिन् र होटेलमा शपथ खुवाइन् । विवादास्पद निर्णय गरेपछि सरकारले भण्डारीलाई प्रदेश प्रमुखबाट बर्खास्त गर्न राष्ट्रपतिकहाँ सिफारिस गर्ने निर्णय गरिसकेको छ । मधेश प्रदेश सभामा प्रतिनिधित्व सात राजनीतिक दलहरूले यो घटनाको तीव्र विरोध गरेका छन् ।

भण्डारीले संवैधानिक व्यवस्था र सर्वोच्च अदालतको नजिर बेवास्ता गरेर यादवलाई मध्यराति मुख्यमन्त्री नियुक्त गरी एकाबिहानै शपथ खुवाएपछि विवाद सडकसम्म पुगेको छ । प्रतिवादमा कांग्रेस, जसपा नेपाल, जनमत, लोसपा, माओवादी, एकीकृत समाजवादी र नागरिक उन्मुक्तिका कार्यकर्ताले टायर बालेर विरोध प्रदर्शन गरे, मुख्यमन्त्री कार्यालय र प्रदेश प्रमुखको निवासमा तोडफोड गरे । मुख्यमन्त्री कार्यालयका कर्मचारीमाथि हातपात गरे । उनीहरूले नियुक्तिविरुद्ध सर्वोच्च अदालत जाने निर्णय पनि गरेका छन् ।

आइतबार कांग्रेस, जसपा, माओवादी, जनमतसहित सात राजनीतिक दलसँगको संवाद गरेकी भण्डारीले सोमबार बिहान भने संविधानको धारा १६८ (३) बमोजिम एमाले संसदीय दलका नेता यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरेकी थिइन् । त्यसपछि भण्डारीले सोमबार झिसमिसे बिहान करिब ४ बजे बर्दिबासको पानस होटेलमा यादवलाई शपथ गराइन् ।

प्रदेश सरकार गठनका लागि प्रदेश प्रमुखबाट संविधानको धारा र निश्चित समय दिएर आह्वान हुन्छ । लोसपा नेतासमेत मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत पाउने अवस्था नदेखेपछि गत शनिबार राजीनामा दिए । तर, प्रदेश प्रमुख भण्डारीले नयाँ सरकार गठनको आह्वान गरिनन् ।

सोमबार बिहान साढे तीन बजे प्रदेश प्रमुख भण्डारीले कामचलाउ सरकारका मुख्यमन्त्री सोनललाई फोन गरी आफू बिरामी भएको र उपचारका लागि काठमाडौं जानुपर्ने बताएकी थिइन् । 'काठमाडौं जानुअघि प्रदेश प्रमुखले मेरो स्वास्थ्य ठिक भएन, उपचार गराउन जानुपर्ने भयो, सहज व्यवस्था मिलाई दिनुस् भनेर आग्रह गर्नुभो । मैले उहाँको आग्रह सुनेँ । र, फूलमाला लगाएर बिदाइ गरेँ,' सोनलले भने, 'तर उहाँ महोत्तरी र सिन्धुलीको सीमामा पर्ने एक होटेलमा गएर एमालेका नेतालाई गुपचुप रूपमा मुख्यमन्त्रीमा नियुक्त गरी शपथ खुवाएर मधेशी जनतासँग धोका गर्नुभो ।' यो संविधान र संघीयता समाप्त गर्ने षड्यन्त्रअनुसार एमालेले गरेको हर्कत हो ।'

निवासबाट बिदाइ भएको करिब आधा घण्टापछि भण्डारीले एमाले संसदीय दलका नेता यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरी शपथग्रहण गराएको खबर सार्वजनिक भएको थियो । एमाले नेता यादवलाई मुख्यमन्त्री नियुक्त गर्ने हल्ला आइतबार नै चलेपछि दलहरू प्रदेश प्रमुखलाई भेट्न पुगेका थिए । प्रदेश प्रमुख कार्यालयअगाडि धर्ना पनि दिएका थिए ।

कामचलाउ सरकारका मुख्यमन्त्री जितेन्द्र सोनलले प्रदेश प्रमुख भण्डारीले एमाले दलका नेतालाई गुपचुप होटेलमा शपथ गराएर मधेश प्रदेशको अस्मिता समाप्त गर्ने काम गरेको आरोप लगाए । 'हामीसँग बहुमत सांसद हुँदाहुँदै प्रदेश प्रमुखले असंवैधानिक रूपमा एमालेका नेतालाई संविधानको धारा १६८(३) बमोजिम मुख्यमन्त्रीमा नियुक्त गरेकी छिन् । सात दलका झन्डै दुईतिहाइ सांसदले लिखित रूपमा प्रदेश प्रमुखलाई धारा १६८(२) अनुसार नै नयाँ सरकार गठनका लागि आह्वान गर्न आग्रह गरेका थियौँ, उनले भने, 'प्रदेश प्रमुखज्यूले पटक-पटक हामीलाई संविधानअनुसार नै नयाँ सरकार गठन गर्छु भनेर भन्नुभो । तर, सोमबार गुपचुप रूपमा दलीय प्रभावमा परी असंवैधानिक काम गर्नुभयो ।'

नवनियुक्त मुख्यमन्त्री यादवले आफूलाई प्रदेश प्रमुखले आइतबार ११ बजे नै प्रदेश प्रदेश प्रमुखको निवासमा मुख्यमन्त्री नियुक्त गरेको पत्र दिएको दाबी गरे । 'राति नै शपथग्रहण गर्ने कार्यक्रम थियो । तर, प्रदेश प्रमुख कार्यालयअगाडि विपक्ष दलका कार्यकर्ताले विरोध गरिरहेकाले अनावश्यक विवाद हुने भनेर शपथ लिइएन । पछि माहोल बनेपछि लिन्छु भनेर प्रदेश प्रमुखको निवासबाट निस्के । बिहान बर्दिबासमा शपथ लिएँ,' उनले भने । यादवलाई मुख्यमन्त्रीको नियुक्त गरेको पत्र पनि आइतबारकै रहे पनि पुरानो मिति उल्लेख गरेर सोमबार बिहान पत्र थमाइएको आरोप छ ।

तर, नवनियुक्त मुख्यमन्त्री यादवले अघिल्ला मुख्यमन्त्री सोनलले विश्वासको मत पाउन नसकेपछि संवैधानिक व्यवस्थाअनुसार ठुलो दलका नेताको हैसियतमा प्रदेश प्रमुखले संविधानविद्, कानुनविद् तथा प्रदेश सरकारका मुख्य न्यायाधिवक्ताको सल्लाहमा आफूलाई मुख्यमन्त्रीमा नियुक्त गरेको दाबी गरे । 'माओवादीका दुई सांसद विश्वासको मत दिन तयार नभएपछि सोनलजीले विश्वासको मत नपाउने देखेर राजीनामा दिने घोषणा गर्नुभयो,' उनले भने, 'संविधानको धारा १६८(२) अनुसार सरकार विश्वासको मत लिन नसकेपछि संविधानको उपधारा (३) अनुसार प्रदेश प्रमुखले नयाँ सरकार गठन गर्नुभयो । त्यसकारण यो सरकार पूर्ण रूपमा संवैधानिक छ । उपधारा ३ बमोजिम गठन हुने सरकारलाई प्रदेश प्रमुखले आह्वान गर्नुपर्ने प्रावधान संविधानमा छैन ।'

कांग्रेस, जसपा नेपाल, जनमत, लोसपा, माओवादी, एकीकृत समाजवादी र नागरिक उन्मुक्तिले मुख्यमन्त्री नियुक्ति संविधानविपरीत भएको बताएका छन् । '... उपधारा २ बमोजिम मुख्यमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था संविधानको धारा १६८(३) मा छ । तर, १६८(२) अर्थात् प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने अवस्था छँदाछँदै प्रदेश प्रमुखले उपधारा ३ को प्रयोग गरेको' भन्दै उनीहरू विरोधमा उत्रेका छन् ।

दलहरूको विरोध प्रदर्शन

कांग्रेस, जसपा नेपाल, जनमत, लोसपा, माओवादी, एकीकृत समाजवादी र नागरिक उन्मुक्तिले सोमबार बिहानैदेखि मधेश प्रदेश सरकारको प्रशासनिक भवन मधेश भवनअगाडि टायर बालेर विरोध प्रदर्शन गरे । त्यति मात्र नभई मुख्यमन्त्री कार्यालय, प्रदेश प्रमुखको निवासमा समेत तोडफोड गरेका थिए ।

जेन-जी आन्दोलनको क्रममा भएको आगजनीका कारण मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय जलेर पूर्ण रूपमा क्षति भएपछि अहिले मुख्यमन्त्री कार्यालय गृह, सञ्चार तथा कानुन मन्त्रालयका राखिएको छ । प्रदर्शनकारीहरू त्यहाँ पुगेर मुख्यमन्त्रीको कार्यकक्षमा राखिएको कुर्सी, टेबलमा तोडफोड गर्दै केही कर्मचारीलाई हातपात गरिएको भिडियो सार्वजनिक भएको छ । सोमबार करिब ४ बजे बर्दिबासस्थित एक होटेलमा शपथ लिएका मुख्यमन्त्री यादव जलेश्वरस्थित जलेश्वरनाथ मन्दिरमा पुगेर पूजाआजा गरेका थिए । उनले सोमबार नै पदभार ग्रहण गर्ने कार्यक्रम तय थियो । मुख्यमन्त्री यादवले पदभार ग्रहण गर्ने जानकारी पाएपछि विपक्षी दल झन् आक्रोशित हुँदै मन्त्रालयहरूमा तालबन्दी गर्दै मन्त्रालय पुगेकाले कर्मचारीलाई कार्यालयबाट भगाएका थिए ।

सर्वोच्चमा दुई रिट

मधेश प्रदेशमा संविधान मिचेर सरकार गठन गरेको भन्दै त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट परेको छ । सर्वोच्च प्रशासनका अनुसार सोमबार रक्कीकुमार साह र सुजित यादवले प्रदेश प्रमुख कार्यालय, मुख्यमन्त्री कार्यालय र मधेश प्रदेश सभालाई विपक्षी बनाई नियुक्ति खारेजको माग गरी रिट दायर गरेका छन् । त्यस्तै, कानुनका विद्यार्थी अर्जुन शाहले पनि रिट दायर गरेका छन् । उनीहरूले मुख्यमन्त्रीको नियुक्ति बदरको माग गरेका छन् । मधेशकी प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले एमालेका सरोजकुमार यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरी होटेलमा शपथ गराएकी थिइन् । जसको अन्य दलले विरोध गरेका छन् ।

अदालत जाने विपक्षी दलहरूको निर्णय

प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले एमालेका नेता सरोजकुमार यादवलाई असंवैधानिक हिसाबले मुख्यमन्त्रीमा नियुक्त गरेको भन्दै सात दलले सर्वोच्च अदालत जाने निर्णय गरेका छन् । विश्वासको मत नलिँदै मुख्यमन्त्रीले राजीनामा दिइसकेको अवस्थामा संविधानको धारा १६८ (२) नै जीवित रहेको अवस्थामा प्रदेश प्रमुखले असंवैधानिक रूपमा दलीय प्रभावमा परी एमालेका नेतालाई मुख्यमन्त्रीमा नियुक्त गरेको उनीहरूको भनाइ छ ।

कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले सोमबार मुख्यमन्त्रीनिवासमा भएको सात दलको बैठकमा असंवैधानिक रूपमा नयाँ सरकार गठन भएकाले बदरको माग गर्दै सर्वोच्च जाने निर्णय भएको बताए । आफूहरूको पक्षमा सात दलका ७४ जना प्रदेश सभा सदस्यको हस्ताक्षर गरी समर्थन जुटाइसकेको उनले बताए ।

नयाँ सरकारविरुद्धको मुद्दा दलहरूको तर्फबाट नभई सांसदहरूकै तर्फबाट सर्वोच्च अदालतमा रिट दायर गर्ने सहमति भएको उनले बताए । बैठकमा प्रदेश सभामुख रामचन्द्र मण्डललाई महाभियोग लगाउने विषयमा समेत छलफल भएको बताउँदै उनले भने, 'हामीले तत्काल नयाँ सरकार गठनको विरुद्ध सर्वोच्चमा मुद्दा दायर गर्छौं । त्यसपछि सभामुखलाई महाभियोगको विषयमा थप छलफल गरेर निर्णय लिन्छौं ।' मण्डल एमालेबाट निर्वाचित सभामुख हुन् ।

यादवले गरे तीन मन्त्री नियुक्त, मन्त्रीबाट तत्काल फिर्ता हुन लिङ्देनको निर्देशन

नवनियुक्त मुख्यमन्त्री सरोज यादवले शपथ लिएलगत्तै सोमबार बिहानै सरकार विस्तार गरेका छन् । प्रदेश सभामा एक/एक सिट भएका दुई दलका सांसद र एक आफ्नै दल एमालेका सांसदलाई मन्त्री बनाएका हुन् । एमालेका लखन दास, नेपाली संघीय समाजवादीका बिमला अन्सारी र राप्रपाकी कञ्चन बिच्छाले सोमबार नै प्रदेश प्रमुख भण्डारीबाट शपथ लिए । यद्यपि, मन्त्रालय तोकिएको छैन । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले सोमबार मधेश प्रदेश सरकारको मन्त्रीमा नियुक्त भएकी कञ्चन बिच्छालाई तत्काल फिर्ता हुन निर्देशन दिएका छन् । राप्रपा सांसद बिच्छाले विनाविभागीय मन्त्रीको शपथ खाएकी छिन् । 'मधेश प्रदेश सरकारमा राप्रपाको सहभागिताप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । यो अनुशासनको गम्भीर उल्लंघन हो । राप्रपाका सदस्यलाई तत्काल सरकारबाट फिर्ता हुन निर्देशन छ । अन्यथा विधानबमोजिम कारबाही हुने जानकारी गराउँछु,' लिङदेनले भनेका छन् ।

भण्डारी बर्खास्त, कर्ण सिफारिस

संवैधानिक प्रक्रिया र सर्वोच्चको नजिरविपरीत सरकार गठनको आह्वान नै नगरी एमाले प्रदेश सभा सदस्यलाई मुख्यमन्त्री नियुक्त गरेर होटेलमा शपथ खुवाउने मधेश प्रदेश प्रमुख सुमित्रा सुवेदी (भण्डारी) बर्खास्तमा परेकी छिन् । मन्त्रिपरिषद्को सोमबारको बैठकले भण्डारीलाई बर्खास्त गर्ने निर्णय गरेको हो । सञ्चारमन्त्री जगदीश खरेलका अनुसार भण्डारीलाई बर्खास्त गरी सुरेन्द्रलाल कर्णलाई प्रदेश प्रमुख नियुक्तिका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ ।

राष्ट्रिय झन्डाको अपमान र सांसदद्वारा प्रहरीमाथि दुर्व्यवहार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा तोडफोड गर्ने क्रममा कांग्रेस उपनेता तथा पूर्वमन्त्री वीरेन्द्रप्रसाद सिंहले राष्ट्रिय झन्डालाई फ्याँकेर अपमान गरेको भिडियो सार्वजनिक भएपछि आलोचना भएको छ । सामाजिक सञ्जालमा आलोचना बढेपछि सिंहले आफ्नो गल्ती स्वीकार गर्दै सार्वजनिक रूपमा माफी मागेका छन् । त्यस्तै, प्रदेशसभा भवन प्रवेशमा प्रहरीले रोकेपछि लोसपा सांसद रूपाकुमारी यादवले एक प्रहरी हवल्दारलाई दुर्व्यवहार गरेकी छिन् । उनले प्रहरीले बोकेको वाकी-टकी खोस्ने प्रयास गरेको पनि प्रहरीले जनाएको छ ।

मधेशको राजनीतिको पछिल्लो टाइमलाइन

शनिबार : विश्वासको मतका लागि ३ बजे प्रदेश सभा बैठक बस्यो । मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मतका लागि प्रस्ताव राखे । छलफलका लागि डेढ घन्टा समय निर्धारण । तर, छलफलकै क्रममा माओवादीका दुई सांसदले विश्वासको मत नदिने घोषणा । मतविभाजनको प्रक्रिया अघि बढेका वेला मुख्यमन्त्रीको राजीनामा घोषणा

राति : ८ बजे प्रदेश प्रमुखसमक्ष राजीनामा, स्वीकृत

आइतबार : प्रदेश प्रमुखले आइतबार संविधानविद्, कानुनविद्, मुख्यन्यायाधिवक्ता र दलका नेताहरूसँग छुट्टाछुट्टै छलफल

अपराह्न ४ बजे : कांग्रेस, जसपा, जनमतसहित सात दलका दलका नेताहरूले भेटे प्रदेश प्रमुखलाई, संविधानअनुसार अगाडि बढ्ने प्रदेश प्रमुखको आश्वासन

साँझबाट रातभर प्रदेश प्रमुखको निवासअगाडि सात दलका कार्यकर्ताको धर्ना र निगरानी

राति ९ बजे : सात दलले संविधानको धारा १६८(२) अनुसार सरकार गठनका लागि आह्वान गर्न माग गर्दै प्रदेश प्रमुखलाई ध्यानाकर्षणपत्र, संविधानअनुसार अगाडि बढ्ने प्रदेश प्रमुखको आश्वासन

सोमबार साढे ३ बजे : कामचलाउ सरकारका मुख्यमन्त्री जितेन्द्र सोनललाई प्रदेश प्रमुखको फोन, स्वास्थ्य अवस्था ठिक नभएकाले उपचारका लागि काठमाडौं जान व्यवस्था मिलाइदिन अनुरोध

सोमबार बिहान (फोनलगत्तै) : मुख्यमन्त्री सोनलले फूलगुच्छा दिएर प्रदेश प्रमुखको बिदाइ

सोमबार बिहान करिब ४ बजे : बर्दिबासस्थित पानस होटेलमा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरेर शपथ । लगत्तै प्रदेश प्रमुख काठमाडौं प्रस्थान

सोमबार बिहानै : शपथग्रहणको खबर बाहिरिएलगत्तै सात दल आन्दोलनमा, मुख्यमन्त्री कार्यालय र प्रदेश प्रमुखको निवासअगाडि प्रदर्शन

सोमबार बिहान ११ बजे : मुख्यमन्त्री नियुक्त असंवैधानिक ठहरसहित अदालत जाने सात दलको निर्णय

प्रहरी कमान्ड...

पृष्ठ १ बाट क्रमशः

पाँच महिना प्रहरीको नेतृत्व सम्हाल्नेछन् । ०५४ मा इन्स्पेक्टर पदबाट प्रहरीमा भर्ना भएका उनी एसएसपीदेखि नै पहिलो नम्बरमा बढुवा हुँदै आएका छन् । सरकारले वरीयता नमिची उनलाई बढुवा गरेको हो ।

प्रधानमन्त्री सुशीला कार्की प्रधानन्यायाधीश हुँदा प्रहरीमा वरीयता मिचेर गरेको आइजिपी नियुक्तिको निर्णय सर्वोच्चले बदर गरेको थियो । सरकारले त्यसवेला जयबहादुर चन्दलाई नियुक्त गरेकोमा सर्वोच्चले बदर गरेको थियो ।

आइजिपीका लागि कार्कीसहित दोस्रो नम्बरमा राजन अधिकारी, तेस्रोमा डा. मनोजकुमार केसी र चौथोमा सिद्धिविक्रिम शाह प्रतिस्पर्धामा थिए । हाइप्रोफाइल घटनाको अनुसन्धान गरिरहेका केसीलाई सरकारले आइजिपी बनाउनेबारे छलफल गरे पनि वरीयता मिचेको भनेर विवाद हुन सक्ने आकलनपछि पहिलो नम्बरका कार्कीलाई नै नियुक्त गरिएको स्रोत बताउँछ । कार्की काठमाडौं उपत्यका प्रहरी कार्यालयको प्रमुख छन् । २३ भदौको घटनापछि तत्कालीन सरकारले उनलाई उपत्यका प्रहरीमा खटाएको थियो । गुल्मी स्थायी घर भएका ५३ वर्षीय कार्की डिआइजी हुँदा लुम्बिनी प्रदेशको प्रमुख तथा एसएसपी हुँदा काठमाडौं प्रहरीको प्रमुख भएर काम गरेका थिए ।

चुनाव गरेर...

पृष्ठ १ बाट क्रमशः

पार्टीको नेताको त अनुहार हेर्न मन छैन भन्छ । भेट्न मन छैन, कुरा गर्न मन छैन भन्छ । सहयोगी भन्छन्- राजनीतिक दललाई चुनावमा भाग लिन दिने होइन, नेतालाई त घरबाटै बाहिर निस्कन दिने होइन । अर्कोथरी भन्छन्- फेरि पार्टीले नै जित्ने भए किन चुनाव गराउने ? यस्तोमा के चुनाव हुन्छ ?' ओलीले प्रश्न उठाए ।

ओलीले सरकारलाई मान्यता नदिने र एमाले चुनावमा नभई संसद् पुनर्स्थापनातिर लाग्ने बताए । 'असंवैधानिक सरकारलाई मान्यता दिने होइन, प्रतिनिधिसभा पुनर्स्थापना गरेर राष्ट्रलाई ट्र्याकमा फर्काउने हो,' ओलीले भने, 'देशभरका सम्पूर्ण पार्टी कमिटीहरू, सदस्यहरू अलमल र दुविधामा नपरी संसद् पुनर्स्थापनामा फोकस हुनुस् । यो पार्टी नीति र निर्णय हो ।'

तत्कालीन प्रधानमन्त्रीको हैसियतमा २३-२४ को घटनाको जवाफदेही र जिम्मेवारी लिनेतिर नभई ओलीले सम्भावित परिस्थितिबारे नसोचिएको बताए । 'त्यस प्रकारको परिस्थिति होला भन्ने सोचिएको थिएन,' उनले भने । ओलीले एमालेले टोलटोलमा सुरक्षा दस्ता बनाउने घोषणा गरे । उनले ट्रेड युनियनको अधिकार कसैले खोस्न नसक्ने पनि बताए ।

सरकारले राजदूत फिर्ता बोलाएकोमा पनि ओलीले आपत्ति जनाए । देशको प्रतिनिधित्व गरेर गएका राजदूतलाई परराष्ट्रमा हाजिर गराउने भन्दै उनले आपत्ति जनाए । 'सरकारका प्रतिनिधिलाई धेरै जिब्रो नचलाउन आग्रह गर्छु,' ओलीले भने, 'सरकारले अलिकति सम्हालिएर बोल्ने र व्यवहार गर्ने गर्नुपर्छ ।'

यसैबिच उनले ओलीले विगतमा पार्टी छाडेकालाई एमालेमा फर्किन आग्रह गरे । सोमबार साबिक एकीकृत समाजवादीकी स्थायी समिति सदस्य रामकुमारी झाँक्रीसहित १० जना केन्द्रीय सदस्य एमालेमा प्रवेश गरेका छन् । किसन श्रेष्ठ, गम्भीरलाल श्रेष्ठ, पीताम्बर तिमल्सिना, राजाराम स्याङ्तान, बबी चाम्लिङ, ध्रुव विष्ट, नवराज पौडेल, अर्जुन राई र अम्बिका राई एमाले प्रवेश गरेका हुन् । झाँक्रीले विनासर्त एमाले फर्किएको बताइन् ।

ओलीले आगामी २७ मंसिरमा एमालेको शक्ति हेर्न चुनौती दिए । '२७, २८ र २९ मंसिरमा हाम्रो महाधिवेशन हुँदै छ, त्यो भव्य हुनेछ । काठमाडौंले नदेखेको ऱ्याली, सभा मंसिर २७ मा देखिनेछ,' उनले भने, 'एमाले के हो भन्ने हेर्न मंसिर २७ गते हेर्न आउनु ।'

धान बेच्न...

पृष्ठ १ बाट क्रमशः

धनगढीको मोहनपुर डिपोमा धान बेच्न चार दिनसम्म सडकमा पालो कुरेपछि पाँचौँ दिन सोमबार मात्रै बिक्री गर्न पाए । ट्र्याक्टरमा ६० बोरा धान राखेर बिहीबार बिहान ४ बजे नै उनी डिपोमा पुगेका थिए । तर, अगाडि दर्जनौँ गाडीको लाइन भएकाले उनले पाँच दिन कुर्नुपरेको हो ।

'गल्ला व्यापारीले भन्दा केही राम्रो भाउ पाइन्छ भनेर खाद्यमा बेच्न ल्याइयो, तर पाँच दिनसम्म पालो लाग्नुपर्ने दुःख सुनाइसाध्ये छैन,' रानाले भने, 'खरिद डिपोमा काँटा एउटै छ, काम गर्ने मान्छे पनि कम छन्, त्यसैले ढिला भएको हो ।' मोहनपुर डिपोमै भेटिएका धनगढी उपमहानगरपालिका- ११, घोडसुवाका किसान बुद्धिराम चौधरीले धान बिक्री गर्न निकै हैरानी खेप्नुपरेको गुनासो गरे । 'गल्लाभन्दा यहाँ राम्रो मूल्य पाइन्छ भन्ने आसले आएको दुःख पाइयो,' उनले भने ।

धान खरिदका लागि बिहान ८ बजेदेखि बेलुका ९ बजेसम्म केन्द्रहरू खुल्ने गरेका छन् । तर, केन्द्रमा काँटा र कर्मचारी कम छन् । सत्तीस्थित डिपोमा धान बिक्रीका लागि पुगेका टीकापुर नगरपालिका- ५, वसन्ताका भावनसिंह थारूले पनि सास्ती भोग्नुपऱ्यो । पाँच दिन लाइन बसेर धान बेचेको उनले सुनाए ।

'पाँच दिनसम्म पालो कुरेर बल्लतल्ल धान बेचेँ, अझै कैयौँ किसान लाइनमै छन्,' उनले भने, 'सरकारले खरिद केन्द्रमा कर्मचारी थपेर चार-पाँचवटा काँटा राखिदिएको भए यस्तो सास्ती भोग्नुपर्ने थिएन होला ।' धानको सुरक्षाका लागि पनि राति बाटोमै सुत्नुपरेको थारूले बताए ।

धनगढी डिपोमा धान बोकेका ट्र्याक्टर र गोरुगाडा डिपोको पर्खालभित्रै राखिएकाले त्यहाँ भने किसानले राति कुर्न पर्दैन । टोकन उपलब्ध गराएकाले बिहान गएर दिनभर मात्रै उनीहरू पालो कुर्छन् । अन्यत्र डिपोमा भने सडकमै लाइन लाग्नुपर्ने र धानको सुरक्षाका लागि सडकमै रातभर सुत्नुपर्ने बाध्यता छ ।

खाद्यले गत वर्ष ५५ हजार क्विन्टल कोटा निर्धारण गरेकामा किसानबाट ३४ हजार क्विन्टल मात्रै बिक्री भएकाले यसपालि घटाएको जनाएको छ । तर, गत वर्ष खाद्यले खरिद सुरु गरेपछि गल्ला व्यापारीले पनि मूल्य बढाउँदा कतिपय किसानले व्यापारीलाई नै बेच्दा त्यस्तो भएको थियो । यसपालि धान खरिद थालेको दुई साता नपुग्दै शनिबारसम्म जिल्लाभरबाट १५ हजार ४३० क्विन्टल खरिद गरिएको कार्यालयले जनाएको छ । सरकारले तोकेको समर्थन मूल्यअनुसार खाद्यले मोटो धान प्रतिक्विन्टल तीन हजार ४६३.८१ रुपैयाँमा खरिद गरिरहेको छ । व्यापारीले भने उक्त धानलाई प्रतिक्विन्टल दुई हजार ७५० रुपैयाँ मात्रै दिएका छन् ।

'विगतमा खाद्यले मूल्य बढाएपछि व्यापारीले पनि बढाउँथे, यसपालि व्यापारीले मूल्य नबढाएका कारण खाद्यका खरिद केन्द्रहरूमा किसानको अत्यधिक भिड देखिएको छ,' खाद्यको प्रादेशिक कार्यालय धनगढीका प्रमुख दीपक थापाले भने, 'खाद्य र गल्ला व्यापारीले दिने धानको मूल्यमा धेरै अन्तर छ । खाद्यले खरिद गर्ने कोटा सकिएला भन्ने डरले एकैपटक धेरै किसान आएका छन् ।'

किसानको भिड व्यवस्थित गर्न कुपनको व्यवस्था गरिएको पनि उनले बताए । तर, किसानहरू खाद्यमै आएर रातदिन लाइन बस्ने गरेको थापा बताउँछन् । 'टोकनअनुसार आउने पालोमा मात्रै धान ल्याउनुहोला भनेर किसानलाई कर्मचारीको सम्पर्क नम्बरसमेत दिने गरिएको छ, तर किसानहरू धान नै ल्याएर लाइनमा बस्नुहुन्छ,' उनले भने । थापाले किसानको भिड बढेकाले धान खरिदको कोटा बढाउन पनि केन्द्रलाई आग्रह गरिएको बताए ।

सम्झौताको आठ वर्षसम्म पुलको पिल्लरसमेत बनेन

■ सवा २४ करोड लागतमा दुई वर्षभित्र पूरा गरिसक्नुपर्ने कैलालीको धनगढी नगरपालिकास्थित शिवगंगा नदीमाथिको पक्की पुलको काम शून्य

● सडक डिभिजन कार्यालय कञ्चनपुरका डिभिजन प्रमुख इन्जिनियर **राजेशकुमार यादव** भन्छन्-



दुई वर्षभित्र पुल निर्माण गरिसक्नुपर्ने सम्झौता हो, तर अहिलेसम्म काम भएको छैन। निर्माण कम्पनी अदालत गएकाले ठेक्का तोड्न पनि सकेका छैनौं।



कैलालीको धनगढीस्थित शिवगंगा नदीमा पुल निर्माण नभएपछि धनगढी उपमहानगरले ह्युमपाइप राखेर अस्थायी आवतजावतका लागि सहज बनाएको छ।

धनगढीमा **तेजराज भट्ट**, उदयपुरमा **विदुर कटुवाल**, कास्कीमा **रोहितराज पराजुली**

कैलाली, उदयपुर, कास्कीलगायतका विभिन्न जिल्लामा निर्माणाधीन दर्जनौं पक्की पुल अलपत्र अवस्थामा छन्। धेरैजसो स्थानमा ठेकेदारको लापरबाहीका कारण पुल अलपत्र परेका छन्। केही ठाउँमा सरकारले ठेक्का सम्झौता रद्द गरेर नयाँ प्रक्रिया अघि नबढाएकाले पिल्लर मात्र ठडिएको अवस्थामा छन्। सरकारी निकायले वेलैमा अनुगमन र निरीक्षण नगर्दा पुल निर्माणमा राज्यको करोडौं रुपैयाँ लगानी खेर गएको छ।

कैलालीको धनगढीस्थित शिवगंगा नदीमा पुल निर्माणको काम आठ वर्षदेखि अलपत्र छ। पुल निर्माण गर्न आठ वर्षअघि ठेक्का सम्झौता भएकोमा हालसम्म पुलको पिल्लरसमेत बनाइएको छैन। धनगढी उपमहानगरको वडा नम्बर १६ को पथरी र वडा नम्बर १७ को रामपुर गाउँ जोड्ने पुल निर्माणमा ढिलाइ हुँदा स्थानीयले नदी तर्दा खेप्नुपर्ने सास्ती अझै उस्तै छ।

सडक डिभिजन कार्यालय कञ्चनपुरका अनुसार २७ असार ०७४ मा १४ करोड २६ लाख रुपैयाँमा पप्पु एडभेन्चर जेभीसँग पुल निर्माणको सम्झौता भएको थियो। 'दुई वर्षभित्र पुल निर्माण गरिसक्नुपर्ने सम्झौता हो, तर अहिलेसम्म काम भएको छैन,' सडक डिभिजन कार्यालय कञ्चनपुरका डिभिजन प्रमुख इन्जिनियर राजेशकुमार यादवले भने, 'निर्माण कम्पनी अदालत गएकाले ठेक्का तोड्न पनि सकेका छैनौं।'

निर्माण कम्पनीले सुरुको सम्झौता अवधि सकिएपछि पुलका चारवटा पिल्लरको जग हाल्ने काम गरेको थियो। सडक डिभिजनले परीक्षण गर्दा डिजाइनअनुसार जगको काम नभएको पाइएपछि थप काम अगाडि बढ्न सकेन। नयाँ डिजाइन बनाएर पहिले तोकिएको भन्दा ५० मिटर आसपासभित्र काम सुरु गर्न भनिए पनि निर्माण कम्पनीले वास्ता नगरेको डिभिजन प्रमुख यादवले बताए।

'निर्माण कम्पनीले चारवटा पिल्लरको फाउन्डेसनको काम गरेको थियो। परीक्षण गर्दा डिजाइनअनुसार काम नभएको पाइएपछि हामीले नयाँ डिजाइन बनाएर अर्को ठाउँमा काम पत्राचार गर्‍यौं,' यादवले भने, 'त्यसपछि उसले डिजाइन नै दिएन।' जगको काम डिजाइनअनुसार नै भएको दाबी गर्दै निर्माण कम्पनीले एक महिनाअघि उल्टै उच्च अदालत महेन्द्रनगरमा मुद्दा दिएको सडक डिभिजन कार्यालय महेन्द्रनगरले जनाएको छ। कार्यालयका अनुसार स्वतन्त्र निकायबाट जगको परीक्षण हुनुपर्ने माग निर्माण कम्पनीले गरेको छ। फाउन्डेसनको काम गरेबापत निर्माण कम्पनीले दाबी गरेकोमध्ये साढे दुई करोड रुपैयाँ भुक्तानी लगिसकेको र डेढ करोड रुपैयाँ भुक्तानी हुन बाँकी रहेको डिभिजन प्रमुख यादवले बताए।

पुल निर्माणको काम आठ वर्षदेखि अलपत्र हुँदा सरोकारवाला निकायले ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाउन सकेको छैन। धनगढी उपमहानगरपालिकाले पनि पुल अलपत्र पारिएको भन्दै ठेक्का तोड्न सडक डिभिजनलाई पत्राचार गरेको थियो। सडक डिभिजनले भने सरकारले सार्वजनिक खरिद नियमावली संशोधन गरेकाले पुलको म्याद पटक-पटक थप हुँदै आएको दाबी गरेको छ।

नदीमा पुल नहुँदा खासगरी बर्खायाममा स्थानीयले नदी तर्न बढी सास्ती खेप्नुपर्छ। बर्खामा गोरुगाडामा चढेर नदी वारपार गर्नुपर्ने बाध्यता रहेको स्थानीय बताउँछन्। वडा नम्बर १६ का अध्यक्ष रामलाल चौधरीले नदीमा पुल नहुँदा बर्खामा धनगढी जान घुमाउरो बाटो प्रयोग गर्ने गरिएको बताए। हिउँदका लागि अहिले उपमहानगरले ह्युमपाइप राखेर अस्थायी आवतजावत सहज बनाएको उनले बताए।

'पुल बन्ने भनेको ८-१० वर्ष भइसक्यो। पिल्लरै ठडिएको छैन,' अर्का स्थानीय मोति रानाले भने, 'पुल बनेको भए सजिलो हुन्थ्यो।' धनगढीको प्रसिद्ध धार्मिक पर्यटकीय क्षेत्र बेहडाबाबा जाने यो छोटो बाटो पनि हो। पुल नहुँदा स्थानीय बासिन्दादेखि बेहडाबाबा जाने पर्यटकले समेत सास्ती खेप्नुपरेको रानाले बताए। पुल नहुँदा बेहडाबाबा जानेहरूले उर्मा गाउँ भएर जाने बाटो प्रयोग गर्छन्।

'ठेकेदार, सम्बन्धित निकाय, मन्त्री, सांसदलाई भेटेर पुल निर्माणको काम अगाडि बढाइदिन पटक-पटक भन्यौं तर काम भएन,' वडाध्यक्ष चौधरीले भने, 'सडक डिभिजनले ठेक्का तोडिदिएको भए उपमहानगरपालिका आफैंले पुल बनाउने कुरा थियो। मेयरसाप पनि यसका सकारात्मक हुनुहुन्छ।'

■ सात वर्षदेखि अलपत्र छ फिर्के पुल

कास्की/ पोखरा-बागलुङ राजमार्गअर्न्तगत पोखरा महानगरका वडा नम्बर २, ४ र ५ को सिमानामा पर्ने फिर्के खोलामा निर्माणाधीन पुल सात वर्षदेखि अलपत्र छ। अत्याधुनिक तथा देशकै नमुना एक्स्ट्रा डोज ब्रिज ३० महिनाभित्र निर्माण सम्पन्न गर्न सडक डिभिजन कार्यालय पोखराले ८ असोज ०७५ मा शान्ति आरोग्य जेभीलाई ठेक्का दिएको थियो। ३० चैत ०७७ मा सम्पन्न गर्ने गरी भ्याट, कन्टेन्जेन्सीलगायत अन्य गरी १७ करोड १० लाखमा निर्माणको जिम्मा लिएको निर्माण कम्पनीले सात वर्ष पुग्न लाग्दा करिब ३५ प्रतिशतको हाराहारीमा मात्र काम सम्पन्न गरेपछि १० वैशाख ०८२ मा ठेक्का सम्झौता रद्द गरिएको थियो। पुलको पुरानो ठेक्का सम्झौता रद्द गरिए पनि नयाँ प्रक्रिया अगाडि बढाइएको छैन। ८ असोज ०७५ मा ३० महिनामा सक्ने गरी सम्झौता भएको पुलको काम निर्धारित समयमा नसकिएपछि विभिन्न मितिमा गरी तीनपटक म्याद थप गरिएको थियो।

तेस्रोपटक थप भएको म्याद सकिएर एक वर्ष बित्दासमेत सम्झौताअनुसार काम नभएपछि सडक कार्यालयले सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार ठेक्का सम्झौता रद्द गरेको हो। समयमा काम नसकिएपछि २३ असार ०७८ मा २२ असोज ०७८ सम्म निर्माण सक्ने गरी पहिलोपटक, ६ भदौ ०७९ मा २७ असार ०८० भित्र काम सक्ने गरी दोस्रोपटक र ३१ असार ०८० मा २० असार ०८१ मा काम सक्ने गरी तेस्रोपटक म्याद थप भएकोमा थपिएको समय एक वर्ष सकिन लाग्दासमेत निर्माणले गति नलिएपछि सम्झौता रद्द गरिएको हो। पोखरालाई बागलुङसँग जोड्ने भूपि शेरचन राजमार्गको प्रवेश विन्दुको रूपमा रहेको पोखराको जिरो किलोमिटरदेखि हरिचोकसम्मको सडक यसअघि दुई लेनको मात्र थियो। दुई लेनको सडकलाई विस्तार गरी करिब नौ वर्षअघि ६ लेनको बनाइएको थियो।

■ उदयपुरमा एक दशकदेखि अलपत्र छन् ६ पक्की पुल



६ वर्षअघि ढलेर अलपत्र अवस्थामा रहेको उदयपुरको त्रियुगा नदीमाथिको पुल। ०७३ भित्र सम्पन्न हुनुपर्ने पुल अझै अलपत्र छ।

उदयपुर/ उदयपुरका विभिन्न नदी र खोलामा निर्माणाधीन ६ वटा पक्की पुल एक दशकदेखि अलपत्र छन्। कतै म्याद थप गरेर राखिएको छ भने कतै नदीको बाढीको चपेटामा परेका छन्। निर्माण सुरु भएको तीन वर्षभित्र सम्पन्न हुनुपर्ने पुल अलपत्र परेपछि स्थानीय मारमा परेका छन्। त्रियुगा नदीको सिवाई र बेल्हा जोड्ने पुल, उदयपुरबाट खोटाङ जोड्ने सुनकोशी नदीका चार पुल, बेलका नगरपालिका- ३ मा पर्ने गिदेरी खोलाको पुल अलपत्र अवस्थामा छन्। सुनकोशीमै पर्ने उदयपुर-खोटाङ धाप्लाङघाट र उदयपुर भोजपुर जोड्ने रानीटारको पुल १० वर्षदेखि अलपत्र छन्। ३० असार ०७३ मा ०७६ असारसम्म काम सक्ने गरी दुई पुलकै ठेक्का रसुवा स्वच्छन्द पप्पु जेभी काठमाडौंले लिएको थियो।

शिलान्यासमै एक वर्ष ढिलाइ भयो। ०७३ मा शिलान्यास हुनुपर्नेमा ०७४ भदौमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले शिलान्यास गरेका थिए। देउवाले दुई पुलको शिलान्यास नेपाली सेनाको हेलिकोप्टरबाट आएर गरेका थिए। उदयपुर र भोजपुरको बिचमा पर्ने रानीटारमा पहिलोपटक शिलान्यास गरे, त्यसपछि हेलिकोप्टरबाटै खोटाङ र उदयपुरको सिमानामा पर्ने सुनकोशी किनार धाप्लाङमा हिन्दु परम्पराअनुसार ब्राह्मण पढाएर शिलान्यास गरेका थिए।

उदयपुर र भोजपुर जोड्ने पुल उदयपुरको बेल्टार-रानीटार हुँदै भोजपुर सडकखण्डमा पर्छ। उदयपुर र खोटाङ जिल्ला जोड्ने पुल गाईघाट-साउने-धाप्लाङ हुँदै बराहापोखरी सडक खण्डअन्तर्गत पर्छ। रसुवा स्वच्छन्द पप्पु जेभीले एउटा पुल २२ करोड २५ लाख रुपैयाँका दरले दुवै पुल ४४ करोड ५० लाख रुपैयाँमा सम्पन्न गर्नुपर्ने थियो। पाँच स्पान भएको दुवै पुलको २०० मिटर लम्बाइ र १०.५ मिटर चौडाइ छ। २९ असार ०७६ भित्र निर्माण सम्पन्न गर्ने गरी निर्माण कम्पनीले ३० असार ०७३ मा ठेक्का सम्झौता गरेको पूर्वी सेक्टर कार्यालय धरान सुनसरीले जानकारी दिएको छ।

०७९ को चुनावताका उदयपुर र खोटाङलाई छोटो दूरीमा सडक सञ्जालसँग जोड्ने भन्दै सुनकोशी नदीको वंशिलाघाटमा मोटरेबल पक्की पुल निर्माण गर्न शिलान्यास गरिएको थियो। १ पुसमा तत्कालीन परराष्ट्रमन्त्री डा. नारायण खड्काले पुलको शिलान्यास गरेका थिए। उदयपुरको चौदण्डीगढी नगरपालिका- ५ सिवाईबाट बेल्टार-वीरेन्द्र बजार-छुइला-वंशिलाघाट हुँदै खोटाङ-दिक्तेल सडकखण्डअन्तर्गत पर्ने दुधकोशी नदीको वंशिलामा मोटरेबल पक्की पुल बन्नुपर्ने थियो। तर अहिलेसम्म १७ प्रतिशत काम भएको छ।

गत वर्ष ०८१ असोजमा बाढीले बगाएको फोक्सिनटारको पुल पनि अलपत्र छ। सगरमाथा लोकमार्गकै गाईघाट-खोटाङ-दिक्तेल खण्डको सुनकोशी नदीमा पर्ने फोक्सिनटारको पुल बाढीले बगाएको थियो। उदयपुरको चौदण्डीगढी नगरपालिका- ५, सिवाई र बेल्हा जोड्ने त्रियुगा नदीको पुल निर्माणाधीन अवस्थामा ढलेपछि ६ वर्षदेखि अलपत्र छ।

बेलका नगरपालिका-३ स्थित गिदेरी खोला पक्की पुल ०७० जेठमा शिलान्यास भएको थियो। ०७३ भित्र सम्पन्न हुनुपर्ने पुल अझै अलपत्र छ। पप्पु मृत सञ्जीवनी जेभी बानेश्वरले १३ करोड ३९ लाख ६७ हजार चार सय ७९ रुपैयाँ लागतमा दुई सय १८ मिटर लम्बाइ तथा सातवटा वेल फाउन्डेसन पिल्लर र ६ वटा स्पान रहेको गिदेरी खोलाको पुलको काम अहिलेसम्म करिब ७० प्रतिशतभन्दा बढी हुन सकेको स्थानीयको छैन। १२ वर्षमा तीनपटक म्याद थपिएको छ।

संक्षेप

एकपटकलाई नाम र जन्ममिति सच्याउन पाइने

काठमाडौं/ नाम, जन्ममिति, बसाइँसराइ, विवाह दर्ताजस्ता विवरण एकपटकलाई सच्याउन मिल्ने भएको छ। सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली संशोधन गरी यसलाई सहज बनाएको छ। यसअघि नै ऐन संशोधन भए पनि नियमावली नबन्दा कार्यान्वयन हुन सकेको थिएन। सोमबारको मन्त्रिपरिषद् बैठकले नियमावली संशोधनलाई स्वीकृत गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बताए। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक नमराज घिमिरेका अनुसार यसअघि नै ऐनले व्यक्तिगत घटना दर्ता सच्याउन मिल्ने गरी ऐन बनाए पनि त्यसमा प्रस्ट नहुँदा वडा कार्यालयले कार्यान्वयन गर्न सकेका थिएनन्। 'नियमावली संशोधन भएपछि यसमा प्रस्टता भएको छ,' उनले भने, 'अब नाम, थर, जन्ममितिलगायत विवरणमा त्रुटि रहेछ भनेर एकपटकलाई सच्याउन मिल्नेछ।' यसका लागि वडा कार्यालयमा निवेदन दिनुपर्ने हुन्छ। खासगरी १४ वर्ष उमेर नपुगेर एसइई दिन नपाएका विद्यार्थीहरूले सच्याउन नमिल्ने प्रावधानका कारण समस्या झेल्दै आएका थिए। त्यस्तै, कतिपयको जन्मदर्ता तथा शैक्षिक प्रमाणपत्रमा फरक-फरक विवरण भएसमेत समस्यामा परेका थिए। अब उनीहरूले सच्याउन पाउनेछन्। सरकारले यही साता नियमावली राजपत्रमा प्रकाशित गर्नेछ। राजपत्रमा प्रकाशित भएलगत्तै यससम्बन्धी व्यवस्था कार्यान्वयन हुनेछ।

जेन-जी आन्दोलनमा गण्डकी प्रदेशमा पाँच अर्बको क्षति

कास्की/ गत २३ र २४ भदौमा जेन-जीको प्रर्दशनका क्रममा गण्डकी प्रदेशमा पाँच अर्बभन्दा बढीको क्षति भएको छ। गण्डकी प्रदेश सभाको सोमबारदेखि सुरु बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारीतर्फ दुई अर्ब र निजीतर्फ तीन अर्ब गरी पाँच अर्बभन्दा बढीको क्षति भएको जानकारी दिए। प्रदर्शनका क्रममा तीनजनाको ज्यान गएको, प्रदर्शनकारी र सुरक्षाकर्मी गरी ७० जनाभन्दा धेरै घाइते भएको उनको भनाइ छ। प्रदेशका ११ मध्ये सात जिल्लामा रहेका एक सय ३८ सरकारी कार्यालय र ६१ वटा निजी संरचना, व्यवसायमा क्षति पुगेको पाण्डेले बताए। सबैभन्दा धेरै कास्कीमा क्षति पुगेको छ। कास्कीसँगै तनहुँ, नवलपरासी, पर्वत, बागलुङ, म्याग्दी, स्याङ्जामा रहेका सरकारी र निजी संरचनामा क्षति पुगेको उनको भनाइ छ। प्रदेशमा तीन सय ६१ दुईपाग्रे सवारीसाधनमा आगजनी, सातवटामा तोडफोड र तीनवटा हराएका, एक सय ६१ चारपाग्रे सवारीसाधनमा आगजनी र ३१ वटा तोडफोड भएको छ। भवन र सवारीसाधनसँगै ल्यापटप, कम्प्युटर, फोटोकपी/प्रिन्टर, टेलिभिजन, स्क्यानर, क्यामेरा, भिडियो क्यामेरा, जेनेरेटर, डिजिटल बोर्ड, मोबाइल, प्रोजेक्टरसँगै अन्य विद्युतीय सामग्री, फर्निचरमा तोडफोड र आगजनी भएका छन्। मुख्यमन्त्री पाण्डेले दीर्घकालीन रूपमा गर्नुपर्ने पुनर्निर्माणका लागि प्रदेश सरकारले योजना बनाइरहेको, आगलागीबाट क्षति भई पुनः प्रयोग गर्न नमिल्ने सामग्रीको व्यवस्थापन र लिलामी, लगतकट्टाको प्रक्रिया अघि बढाइएको जानकारी दिए।

लुम्बिनीको हिउँदे अधिवेशन ८ मंसिरमा बोलाउन सिफारिस

बुटवल/ लुम्बिनी प्रदेश सभाको हिउँदे (सातौं) अधिवेशन ८ मंसिरका लागि आह्वान गर्न सिफारिस भएको छ। मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा सोमबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले हिउँदे अधिवेशन ८ मंसिरका लागि आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिए।हिउँदे अधिवेशनका लागि छलफल गर्न प्रदेश सभा सचिवालयमा स्थानीय तहका कर्मचारीहरूको सेवा-सुविधासम्बन्धी संशोधन गर्न बनेको विधेयक र लुम्बिनी अध्ययन-अनुसन्धान प्रशिक्षण प्रतिष्ठान विधेयक दर्ता भइसकेका छन्। दलित अधिकारसम्बन्धी विधेयक र बडघरसम्बन्धी विधेयक दर्ता गर्ने तयारी गरिएको जनाइएको छ। विभिन्न समितिका प्रतिवेदन र महालेखा परीक्षकको प्रतिवेदन पनि दर्ता भई हिउँदे अधिवेशनमा छलफलका लागि प्रस्तुत हुनेछन्।

चार वर्षदेखि बढेन सुरक्षाकर्मीको रासनभत्ता

काठमाडौं/ हरेक वर्षको महँगीअनुसार पुनरावलोकन हुनुपर्ने सुरक्षा निकायको रासनभत्ता चार वर्षदेखि बढ्न सकेको छैन। ०७८ मा सरकारले १५ प्रतिशत वृद्धि गरेकोमा त्यसयता पुनरावलोकन हुन सकेको छैन। महँगीअनुसार रासनको सुविधा नदिएर सरकारले अन्याय गरेको सुरक्षाकर्मीको गुनासो छ। नेपाल प्रहरी र सशस्त्र प्रहरीले हरेक वर्षजसो महँगीअनुसार रासनभत्ता बढाउन सिफारिस गर्दै आए पनि निर्णय हुन सकेको छैन। हालै गृह मन्त्रालयले रासनसम्बन्धी समस्याबारे छलफल थालेको छ। नेपाल प्रहरीले रासनभत्ता समयानुकूल बनाउन र विभेद हटाउनका लागि गृह मन्त्रालयमा पत्राचार गरेको छ। जसमा गृहमन्त्रीस्तरमै छलफल भइसकेको छ। साथै, नेपाल प्रहरीलाई रासनमा विभेदसमेत हुँदै आएको छ।

नेपाल प्रहरीभन्दा सशस्त्रका अधिकारीले तीन प्रकारका खाद्यवस्तु धेरै पाउँछन्। दुवै संगठनले रासनभत्ता तलबसँगै नगदमै दिन्छ। तर, सशस्त्रले १९ खाद्यवस्तु पाउँछन् भने नेपाल प्रहरीले अन्डा, कुखुराको मासु र बिस्कुटबाहेकका १६ खाद्य वस्तुबराबरको मात्र रकम उपलब्ध गराउँछ। यस्तो प्रावधानले मूल्यांकनमा उनीहरूले कतिपय जिल्लामा कम रासनभत्ता पाउने गरेका छन्। यस्तो विभेद हटाउनेबारे छलफल भइरहेको छ। रासनको सन्दर्भमा प्रहरीबाट प्रस्ताव आएको र छलफल भइरहेको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए।

मेलम्चीको पानी खुलाउन जुटेन सहमति

■ खानेपानी मन्त्रालय र संघर्ष समितिबिच सात बुँदामा छलफल



सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

मेलम्चीको पानी काठमाडौं पठाउने विषयमा दुई दिनदेखि जारी वार्ता निष्कर्षविहीन भएको छ। मेलम्ची खानेपानी बाढीपीडित संघर्ष समितिले राखेको मागमा सोमबार घनीभूत छलफल भए पनि कुनै निष्कर्ष निस्केन।

मेलम्ची आयोजना र यससँग सम्बन्धित सबै क्षेत्रमा भएका गतिविधि अध्ययन गरेर वास्तविक प्रतिवेदन तयार पार्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत रहेको पूर्वाधार महाशाखा तयार भएको छ। जसमा संघर्ष समितिले सचिवको नेतृत्वमा कार्यदल बन्नुपर्ने अडान राखेको छ भने खानेपानी मन्त्रालय र मेलम्ची आयोजनाले सहसचिवस्तरको नेतृत्व हुने भनेपछि छलफल टुंगोमा पुग्न नसकेको हो।

स्थानीय संघर्ष समितिले राखेका अन्य ६ वटा मुख्य मागमा पनि कुनै सहमति जुटेन। स्थानीयको तर्फबाट बैठकमा सहभागी विष्णु खड्काले दिएको जानकारीअनुसार छलफल जारी राख्ने सहमति भएको छ। 'आयोजना पक्ष र संघर्ष समिति पक्ष एक-अर्कामा टसमस नभएपछि छलफल निष्कर्षविहीन भयो,' उनले भने। मुख्य ६ वटा बुँदामा मन्त्रालयमा छलफल भएको बताउँदै उनले भने, 'खानेपानी मन्त्रालय, मेलम्ची खानेपानी आयोजना र सरोकारवाला सरकारी निकाय हेलम्बुवासीको माग पूरा गर्न गम्भीर देखियो। तर, कुनै निर्णय नहुनु दुःखद हो।'

मेलम्ची, क्युल, अम्बाथाङ, मेलम्चीघ्याङ सडक कालोपत्रे गर्न यसअघि २५ करोड विनियोजन भएको थियो। तर, संघर्ष समितिले एक अर्ब रुपैयाँ बनाएर बजेटको स्रोत सुनिश्चित गर्नुपर्ने माग राखेको छ।

त्यसैगरी, मेलम्ची खानेपानी आयोजनाले हालसम्म गरेको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने, काठमाडौंमा पानी लगेपछि पानी र संकलन भएको रकमको सम्पूर्ण विवरण सार्वजनिक गरी स्थानीय प्रभावित क्षेत्रले पाउने २५ प्रतिशत महसुल सुनिश्चित गरिनुपर्ने, मेलम्ची बाढीले ध्वस्त हेलम्बु र मेलम्चीवासीको नदी-किनारको निजी जमिन नापजाँचमा सरकारले सहयोग गर्नुपर्ने माग छलफलमा राखिएको छ। त्यस्तै, काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) र आयोजनाबाट प्रभावित क्षेत्रका स्थानीयलाई नियममा तोकिएअनुसार कोटा दिएर रोजगारी प्रदान गर्नुपर्ने र विगतमा मन्त्रिपरिषद्बाट निर्णय भएअनुरूप जग्गा भाडावाला र स्थानीय भेन्डर्सको रकम यथाशीघ्र वितरण गर्नुपर्ने माग पनि छलफलमा उठेको छ। यद्यपि, यी कुनै बुँदामा सहमति जुटेको छैन।

२१ असोज ०८१ मा गरिएको सहमतिबाट पछि हटेर स्थानीय प्रभावितलाई सरकारले अन्याय गरेको हेलम्बु गाउँपालिका अध्यक्ष निमाग्याल्जेन शेर्पाले बताए। 'काठमाडौं उपत्यकावासीलाई निःशुल्क पानी वितरण गरे हामीलाई एक रुपैयाँ पनि चाहिँदैन,' उनले भने। २० कात्तिकदेखि मेलम्ची खानेपानीको मुहान खोलातिर फर्काइएको छ। जसकारण काठमाडौं उपत्यकामा भने पिउने पानीको अभाव भएको छ।

चिसोसँगै बढ्दै छन् निमोनिया र रुघाखोकीका बिरामी

● **डा. युवानिधि बसौला**, निर्देशक शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल



सरुवा तथा संक्रमणजन्य रोग अहिले बढेका छन्, यो मौसम परिवर्तन हुने समय भएकाले विभिन्न संक्रमणजन्य रोग बढेका हुन्। हामीकहाँ आउनेमध्ये अधिकांश बिरामी निमोनिया, रुघाखोकी, इन्फ्लुएन्जा, डेंगु र स्क्रब टाइफसका छन्, हाम्रो ओपिडीमा दैनिक एक हजार बिरामी आउँछन्, त्यसमध्ये अधिकांशमा रुघाखोकी र ज्वरो देखिएको छ, उनीहरूमा जेचजाँच गर्दा डेंगु देखिएको छ।



शिवहरि घिमिरे/नयाँ पत्रिका

केही दिनयता चिसोसँगै रुघाखोकी, ज्वरो र निमोनियाका बिरामी अस्पतालमा बढ्न थालेका छन्। टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका अनुसार चिसो बढेसँगै सरुवा रोगीको संख्यामा वृद्धि भएको हो। हाल अस्पतालमा दैनिक १० देखि १५ जना निमोनियाका, ५० जना रुघाखोकी र ज्वरोका बिरामी उपचारका लागि पुग्ने गरेका छन्।

निमोनियाको संक्रमण देखिने उमूह समूह ५० वर्षभन्दा माथिका रहेको अस्पतालका निर्देशक डा. युवानिधि बसौलाले जानकारी दिए। उनका अनुसार हाल स्क्रब टाइफसका र डेंगुका बिरामीसमेत बढेका छन्। दैनिक १० जनासम्ममा डेंगु संक्रमण र पाँचजनामा स्क्रब टाइफस संक्रमण देखिने गरेको छ।

'सरुवा तथा संक्रमणजन्य रोग अहिले बढेका छन्, यो मौसम परिवर्तन हुने समय भएकाले विभिन्न संक्रमणजन्य रोग बढेका हुन्,' डा. बसौलाले भने, 'हामीकहाँ आउनेमध्ये अधिकांश बिरामी निमोनिया, रुघाखोकी, इन्फ्लुएन्जा, डेंगु र स्क्रब टाइफसका छन्, हाम्रो ओपिडीमा दैनिक एक हजार बिरामी आउँछन्, त्यसमध्ये अधिकांशमा रुघाखोकी र ज्वरो देखिएको छ, उनीहरूमा जेचजाँच गर्दा डेंगु देखिएको छ।' उनका अनुसार २० जनामा परीक्षण गर्दा पाँचजनामा स्क्रब टाइफस हुने गरेको छ। मुख्यतः रुघाखोकी राइनो, इन्फ्लुएन्जा वा एडिनोजस्ता भाइरसबाट हुन्छ। यस्तो प्रकारको भाइरस थुकको छिट्टा र नजिक बस्दा सर्छ।

कान्ति बाल अस्पतालमा पछिल्लो समय संक्रमणजन्य बिरामीको संख्या बढ्न थालेको छ। अस्पतालका अनुसार चिसो बढ्न थालेपछि निमोनिया, रुघाखोकी, छातीमा संक्रमण भएका बिरामी आउने गरेका छन्। अस्पतालका बालरोग विशेषज्ञ डा. रामहरि चापागाईंका अनुसार मौसममा हुने परिवर्तनका कारण मौसमी ज्वरो र रुघाखोकीका बिरामी बढ्छन्। 'अझै अस्पतालमा बिरामीको चाप बढेको छैन, तर जाडोयाममा रुघाखोकी बिग्रिएर निमोनिया भएका थुप्रै बालबालिका उपचारका लागि आउँछन्, यस्तो समयमा बढी सचेत हुनुपर्छ, बालबालिकालाई न्यानोमा राख्ने र पोषिलो खानेकुरा दिने गर्नुपर्छ,' उनले भने, 'चिसो समयमा एडिनो तथा अन्य भाइरसको संक्रमण हुन्छ, जसले बालबालिकामा रुघाखोकी लाग्ने, ज्वरो आउनेजस्ता लक्षण देखिन्छन्, त्यसकारण सचेत हुनुपर्छ।' उनका अनुसार चिसोको समयमा बढी इन्फ्लुएन्जाजस्ता भाइरस सक्रिय हुन्छन्। यस्तो भाइरसबाट संक्रमण भएपछि उच्च ज्वरो आउने हुन्छ।

नयाँबानेश्वरस्थित निजामती अस्पतालमा आउने बिरामीमा पनि संक्रमणजन्य रोग बढ्न थालेको छ। अस्पतालका अनुसार दैनिक ६० जनाभन्दा बढी बिरामी रुघाखोकीका आउने गर्छन्। त्यस्तै, दैनिक २० जनाभन्दा बढी ज्वरोका बालबालिका आउने गरेका छन्।

ललितपुरको लगनखेलस्थित पाटन अस्पतालमा पनि रुघाखोकी, ज्वरो र निमोनियाका बिरामी बढेका छन्। अस्पतालका अनुसार दैनिक ओपिडीमा एक हजार पाँच सयजना बिरामी आउँछन्। जसमा दुई सयभन्दा बढी बिरामी रुघाखोकीका छन्। कतिपयमा डेंगु संक्रमण पनि देखिने गरेको अस्पताल प्रशासनले जनाएको छ।

यसरी जोगिन सकिन्छ संक्रमणजन्य रोगबाट

अधिकांश संक्रमणजन्य रोग सर्ने तथा फैलने किसिमका हुन्छन्। घरमा एक सदस्यलाई रुघाखोकी लागेको, ज्वरो आएको छ भने अन्यलाई पनि सर्ने भएकाले सावधानी अपनाउनुपर्ने डा. बसौलाले बताए। 'संक्रमणजन्य रोग लागेका बिरामीले स्वास्थ्यमा बढी ध्यान दिनुपर्छ, हाछ्युँ गर्दा अर्कोलाई सर्छ भनेर ख्याल गर्नुपर्छ, यदि ६० वर्ष कटेका व्यक्ति हुनुहुन्छ भने निमोनिया र इन्फ्लुएन्जाको खोप लगाउनुपर्छ,' बसौलाले भने, 'खोप लगाएपछि रुघाखोकी लाग्दैन।'

नेतृत्वमा नैतिकताको प्रश्न

नेतामा नैतिकता भएन भने जनताले दुःख पाउँछन्, देशमा भ्रष्टाचार बढ्छ, राष्ट्र असफल हुन्छ



● बलराम केसी

अग्रलेख

सन् १९७१ को एउटा मुद्दामा भारतको सर्वोच्च अदालतले बेलायत र भारत 'क्याबिने सिस्टम अफ गभर्मेन्ट' भएकाले बेलायती परम्परा भारतमा पनि लागू गर्न सकिन्छ भनेको छ। हाम्रो पनि व्यवस्था समान भएकाले यहाँ पनि सो व्याख्या सान्दर्भिक हुन्छ। परम्परामा नैतिकता पनि पर्छ। बेलायती नेता र राजनीतिमा उच्चकोटीको नैतिकता छ। तर, नेपालका नेतामा भने नैतिकता शून्यबराबर भयो। 'पद र नैतिकता'मध्ये एक रोज्नुपऱ्यो भने पद नै रोज्ने अपसंस्कार विकसित भयो।

बेलायत र नेपाल दुवैको शासकीय स्वरूप 'संसदीय' हो। नैतिकता कानुनद्वारा निर्देशित हुँदैन। नैतिकता 'एक्स्पोजर', शिक्षा, बौद्धिकता, अनुशासन, संगत आदिबाट प्राप्त हुन्छ। नैतिकता इमानदारीसँग सम्बन्धित हुन्छ। बेइमान चरित्रको मानिसक नैतिकतावान र नैतिकवान् मानिस बेइमान हुन सक्दैन। शून्य भ्रष्टाचार र सुशासन नैतिकताभित्रै पर्छ। नैतिकता व्यक्तिको स्वभाव, चरित्रमा शुद्धता, आचरणमा स्वच्छता, पारदर्शिता, इज्जत, प्रतिष्ठा, इमानदारी, चालचलन, स्वभाव, शिक्षा, ज्ञान, गुण, शपथ र जिम्मेवारीपूर्ण व्यवहारमा भर पर्छ। असल व्यक्तिका लागि नैतिकता, शपथ, कानुन र संविधानभन्दा पनि माथि हुन्छ। नैतिकवान् व्यक्तिमा भ्रष्टाचारमा शून्य सहनशीलता हुन्छ।

नैतिकवान् नेताबाट राष्ट्र सफल हुन्छ भने अनैतिकबाट राष्ट्र असफल हुन्छ। संवैधानिक कानुनमा 'प्राइभेट इन्टरेस्ट मस्ट थिल्ड टु पब्लिक इन्ट्रेस्ट' भनिन्छ। 'निजी स्वार्थले सार्वजनिक स्वार्थलाई स्थान दिनुपर्छ' भन्ने हो। नेता नैतिकवान् छैन भने 'पब्लिक इन्ट्रेस्ट मस्ट थिल्ड टु प्राइभेट इन्ट्रेस्ट' हुन्छ। बेलायतका तत्कालीन प्रधानमन्त्री डेभिड क्यामरुनका पालामा बेलायत इयूमा रहने या नरहने भन्ने विवाद थियो। जसलाई 'ब्रेक्जिट' भनिन्छ। क्यामरुनले जनमत गराए। नतिजा इयूमा रहनेमा ४८ प्रतिशत मात्र आयो। इयूमा नरहने बहुमतलाई उनले नैतिकता ठाने। नतिजा आउनासाथ क्यामरुनले राजीनामा गरे।

त्यसपछि 'थेरेसा मे' प्रधानमन्त्री नियुक्त भइन्। उनले संसद् भंग गरेर पुनः निर्वाचनमा गई दुईतिहाइ बहुमत ल्याएर नयाँ जनमतसहित बेलायतलाई फाइदा हुने गरी इयूसँग 'नेगोसिएसन' गरेर इयू छाड्ने निर्णय गरिन्। संसद् विघटन राम्रो उद्देश्यले गरिएको थियो। चुनावमा नतिजा बहुमत पनि आएन। थेरेसा मेले तुरुन्तै प्रधानमन्त्री पद र दलबाटै राजीनामा गरिन्। हामीले संसदीय व्यवस्था त ल्यायौं। तर, 'बेलायती नैतिकता' हाम्रा दलका नेताको दिमागमा घुसाइदिन सकेनौं।

अर्का प्रधानमन्त्री बोरिस जोन्सन हुन्। उनले कोरोनाको लकडाउनमा सरकारी निवासमा रक्सी पार्टी गरे। बेलायत राजकुमार मरेकामा शोकमग्न थियो। लन्डन पुलिसले लकडाउन तोडेको अपराधमा प्रधानमन्त्री जोन्सनलाई ७० पाउन्ड जरिवाना गऱ्यो। उनले जरिवाना तिरे। रानी र जनतासँग माफी मागे। प्रधानमन्त्री र दलबाट राजीनामा गरे। कोरोना महामारीमा अस्ट्रेलियाका उपप्रधानमन्त्री 'बारन बी ज्वाइस'ले 'पब्लिक हेल्थ अर्डर'अन्तर्गत जारी मास्क लगाउने सरकारी आदेश नमानी मास्क नलगाई हिँडेका कारण प्रहरीले २०० डलर जरिवाना गऱ्यो। उनले सार्वजनिक माफी मागे। हाम्रा नेता कानुन मान्दिनँ भन्छन्। पछि लाग्नेहरू कानुन मान्दिनँ भन्दा ताली पड्काउँछन्। बेलायती व्यवस्था भिऱ्याए पनि नेपाली नेताले बेलायतको नैतिकतालाई 'एडप्ट' अर्थात् अंगीकार गर्न सकेनन्।

हाम्रा नेताको नैतिकता २३ र २४ भदौको नरसंहार र त्यसपछिका गतिविधि र बोलिचालीबाट देखिन्छ। वर्तमान सरकारले २३ र २४ भदौको घटना छानबिन गर्न आयोग गठन गऱ्यो। नेताहरू त्यो आयोग नै मान्दैनौं भन्छन्। सुशीला कार्की नेतृत्वमा सरकार गठन भयो। त्यो पनि मान्दैनौं भन्छन्। यिनमा हामी संविधानभन्दा माथि छौं भन्ने भ्रम देखिन्छ। देश र जनता आमचुनावका पक्षमा छन्। तर, चुनाव हुन नदिन पनि तिनै नेता तल्लीन छन्। मरिसकेको संसद् ब्युँताउनुपर्छ भन्दै छन्। राणाशासनमा राणा प्रधानमन्त्रीहरू श्री ३ हुन्थे। कानुनभन्दा माथि हुन्थे। राजनीति भनेको आजीवन सिंहदरबार कब्जा गर्नु हो भन्ठानेको महसुस हुन्छ। आफूलाई कानुनभन्दा माथि 'श्री ३ प्राइममिनिस्टर' नै ठानेको स्पष्ट देखिन्छ। ०६२-६३ को आन्दोलनका कारण गठन भएको रायमाझी आयोगमा तत्कालीन प्रधानमन्त्रीसरहका मन्त्रिपरिषद् उपाध्यक्ष डा. तुल्सी गिरी (जो आफैंमा कुशल राजनीतिज्ञ मानिन्थे) बयान दिन गएका थिए।

नेपालको छवि नराम्रो बनाइयो। भ्रष्ट देश र भ्रष्ट नेताका नामले देश चिनिने अवस्था बनाइएको छ। भ्रष्टाचार र नैतिकता एक-अर्काका अपवाद हुन्। भ्रष्टाचार आफैं हुँदैन। नैतिकता हराएपछि हुने हो भ्रष्टाचार। देश चलाउन नैतिकवान् नेताको आवश्यकता हुन्छ। विश्व इतिहास हेर्दा। नैतिकवान् नेता भएको देशमा सुशासन हुन्छ, भ्रष्टाचार हुँदैन। नेतामा नैतिकता छैन भने भ्रष्टाचार र कुशासन हुन्छ। संविधान लागू भएको १० वर्ष भयो। सरकार एक वर्ष पनि टिकेन। संविधानका कारण होइन। सरकार गठन भएको दुई वर्ष अविश्वासको प्रस्ताव ल्याउन नपाउने र ल्याएपछि अर्को एक वर्ष ल्याउन नपाउने व्यवस्था गरियो। तर, नेताहरू अनैतिक भएकाले यति राम्रो व्यवस्था पनि असफल भयो।



नैतिकता व्यक्तिको आचरण, अनुशासन, चालचलन, चरित्र र पहिचान हो। मानिसको जीवनबाट 'नैतिकता' हटाइदिने हो भने मानिस जनावरसरह हुन्छ भनिन्छ। नैतिकता मानिस र सभ्यताको पहिचान हो। नैतिकता नहुने हो भने उत्तरदायित्व, जवाफदेहिता, कर्तव्य र इमानदारी हराउँछ।

मानव शरीर विकासमा बच्चा बढ्दै आएपछि चोरी गर्न हुँदैन, अर्काको घरमा प्रवेश गर्न हुँदैन, कसैलाई गाली र अपमान गर्न हुँदैन भनेर दिनदिनै उसको दिमागमा 'नैतिकता'को विकास हुँदै जान्छ। तर, नेपालको नेतामा नेता भएपछि नैतिकवान् बन्नुपर्छ भन्ने सोचको विकास नै हुन सकेन। 'नैतिकता' मानवको आचारसंहिता हो। आचारसंहिताको उल्लंघन सामाजिक अपराध हो। नैतिकतावान् व्यक्तिका लागि विरोध सुधारिने अवसर हुन्छ। नैतिकवान् व्यक्तिले आलोचना सुन्छ, सहन्छ र आफूलाई सुधार्छ। हरेक पेसामा नैतिकता हुन्छ। शिक्षकले कक्षामा नचाहिने कुरा गऱ्यो, मादकपदार्थ सेवन गरेर पस्यो वा अश्लील शब्द बोल्यो भने शिक्षक अनैतिक हुन्छ। उसले शिक्षकको हैसियत गुमाउँछ। नैतिकता गुमाएर अनैतिक बनिसकेपछि त्यस्तो अनैतिकताको उपचार हुँदैन। नैतिकता नभएको वा अनैतिक व्यक्ति कुनै पेसामा प्रवेश गऱ्यो भने संस्था र पेसा दुवैको बदनाम हुन्छ। नैतिकता राजनीतिमा झनै बढी आवश्यक हुन्छ। नेताहरूमा नैतिकता भएन भने जनताले दुःख पाउँछन्, भ्रष्टाचार बढ्छ, राष्ट्र असफल हुन्छ। नेपालको राजनीतिमा नैतिकता ध्वस्त भएको छ। युद्ध वा प्राकृतिक प्रकोपबाट देशको पूर्वाधार सबै ध्वस्त भयो भने स्रोत र साधन जुटाएर पूर्वाधारलाई पूर्वावस्थामा ल्याउन सकिन्छ। तर, नेता अनैतिक भएर ध्वस्त पारिएका कुनै पनि पूर्वाधारलाई फर्काउन सकिँदैन। राज्यका लागि अनैतिकता घातक रोग हो। संविधानले राजनीतिमा नैतिकता चाहेको छ। संविधान नैतिक छ। संविधानले राज्यका तीन अंग कर्मचारीतन्त्र र संवैधानिक आयोग र निकाय नैतिकवान् व्यक्तिबाट सञ्चालन हुनुपर्छ भन्ने चाहेको छ। राजनीतिमा नैतिकता हराएकाले देशका सबै निकाय ध्वस्त भएका छन्। 'नैतिकता' आँखाले देखिँदैन, कानुनमा लेखिँदैन। व्यक्तिको व्यवहार, कार्य सम्पादन र काम कारबाहीबाट देखिन्छ।

> हाम्रा नेता कानुन मान्दिनँ भन्छन्। पछि लाग्नेहरू नेताले त्यसो भन्दा ताली पड्काउँछन्। बेलायती व्यवस्था भिऱ्याए पनि नेपाली नेताले बेलायतको नैतिकतालाई 'एडप्ट' गर्न नसक्नुको परिणाम भोग्दै छ देशले।

नेपाल नैतिकता, इमानदारी, बफादारीमा उच्चकोटीको देशमा पर्थ्यो कुनै वेला। २०३० मा सिंहदरबार जल्यो। कीर्तिनिधि विष्ट प्रधानमन्त्री थिए। नैतिकताका आधारमा उनले राजीनामा दिए। त्यही सिंहदरबार ५० वर्षपछि आज दोस्रोपटक जल्दा प्रधानमन्त्रीले राजीनामा दिन आलटाल गरे। आँधिबेहरीको कारण रंगशालामा भागदौड हुँदा केही दर्शकको मृत्यु भयो। खेलकुदमन्त्री केशरबहादुर विष्टले राजीनामा गरे। संसद्ले राजतन्त्र उन्मूलन गऱ्यो। पूर्वराजा ज्ञानेन्द्रले पत्रकारसँग कुरा गरेर राजदरबार छाडे। नैतिकता भएका नेताले दोष आफू लिन्छ, जस अरूलाई दिन्छ। नैतिकता पहिचानको एक महत्त्वपूर्ण मापदण्ड यो पनि हो। विश्वले चिनेको नेपालका आजसम्मकै एउटै राजनेता बिपी कोइराला हुन्। ३४ सालमा उनलाई राजकाज अपराध तथा सजाय ऐनअन्तर्गत मुद्दा चलाएर मृत्युदण्डको सजाय माग गरियो। विशेष अदालतमा उनको बयान भयो। बयानमा उनले कसुर स्विकार्दै भने- बम पड्काउने अरू कार्यकर्ता दोषी होइनन्, मैले भनेरै उनीहरूले त्यसो गरेका हुन्। उनीहरूमाथिको सम्पूर्ण आरोप म स्विकार्छु। सजाय उनीहरूलाई होइन, मलाई गरियोस् भने। त्यो हो महान् राजनेतामा हुनुपर्ने नैतिकता। तर, आज ७६ युवाको नरसंहार हुँदा मैले गोली चलाएको होइन, प्रहरी दोषी हो भनिँदै छ। नेतामा नैतिकता नभएकाले देश आज संवैधानिक संकटमा छ। पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा सरकार बनाउनुपरेको छ।

२३ र २४ भदौको घटना हुँदा देश र संविधान बचाउने प्रधानमन्त्री र अन्य २४ मन्त्री १० दिन लुकेर 'इन कम्युनिकेडो' बसे। देश र जनतामा के भइरहेको छ, सोधिखोजी गरेनन्। युद्ध भइरहेको वेला सेनापति भागेजस्तै हो यो अवस्था। बंगलादेशको घटना नेपालमा दोहोरियो। शपथ र धारा ७५ बुझ्ने हो भने २३ र २४ भदौको घटनामा प्रधानमन्त्रीले युक्रेनका राष्ट्रपति भ्लोदोमिर जेलेन्स्कीको जस्तो भूमिका खेल्नुपर्थ्यो।

जेलेन्स्की युक्रेनका राष्ट्रपति हुन्। रुसले युक्रेनमाथि आक्रमण गर्ने घोषणा गरेको थियो। अमेरिकी राष्ट्रपति बाइडेनले जेलेन्स्कीलाई 'तपाईं रुससँग लड्न सक्नुहुन्न, विशेष विमान पठाउँछु अमेरिका आउनुहोस्' भन्नुभयो। तर, जेलेन्स्कीले बाइडेनलाई 'म त्यहाँ किन आउने ? मेरो आवश्यकता मेरो देशको रक्षाका लागि युक्रेनमा छ। म आउन्नँ' भनेर जवाफ दिए। रुसको हवाई आक्रमणमा जेलेन्स्कीको जिन्दगीमा खतरा आज पनि त्यत्तिकै छ। तर, हाम्रा नेताजस्तो उनी भागेनन्। उनको देशभक्ति र नैतिकता हाम्रा नेताले पनि सिक्न आवश्यक छ।

२३ र २४ को नरसंहारका कारण उत्पन्न संकटको समाधान चुनाव नै हो। निर्वाचनसम्बन्धी कानुनको स्रोत २६ मार्च १९९४ को 'इन्टरपार्लियामेन्टरी काउन्सिल'को पेरिस घोषणापत्र हो। यसको सुरुमै धारा १ मा 'स्वतन्त्र र स्वच्छ निर्वाचन' शीर्षकमा 'कुनै पनि राष्ट्रमा सरकारले शासन गर्ने वैधानिकताको अधिकार जनताको इच्छाबाट मात्र प्राप्त गर्छ र त्यस्तो अधिकार स्वतन्त्र र स्वच्छ निर्वाचनबाट मात्र प्राप्त हुन्छ' भन्ने उल्लेख छ। घोषणापत्र नेपालका लागि निर्वाचन कानुनको स्रोत हो। आस्था र विश्वास गुमाइसकेको संसद् बाट सरकार बनेमा आस्था हुँदैन। अदालतले पुनर्स्थापना गरेमा बाहेक चुनावमा जानु नै संकटको समाधान हो। त्यसैले, चुनावमा बाधा नदिऊँ, नैतिकता देखाऊँ। अनैतिक बनेर हाम्रा नेताले विश्वलाई नहसाऊन्। विचार गरौं, यस्तै अनैतिक हुने हो भने कुनै दिन विश्वका नेताले हाम्रा प्रधानमन्त्रीलाई 'इग्नोर' गरेर भेट्दा पनि नदेखेजस्तो गरेर हात नमिलाउने दिन नआउला भन्न सकिन्न।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

संविधानविद्
भीमार्जुन आचार्यलाई



■ मधेश प्रदेशको पछिल्लो राजनीतिबारे संविधानले के भन्छ ?

सामान्यतया यस्तो अवस्थामा संविधानको प्राकृतिक व्याख्या या व्यवस्था र अदालतीय व्याख्यालाई हेर्नुपर्ने हुन्छ। हाम्रो संविधानले संघ र प्रदेशमा एकै विधिबाट सरकार बन्न सक्ने व्यवस्था गरेको छ। खासगरी १६८ (१) अनुसार बहुमत प्राप्त दलको नेतालाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने, कुनै पनि दललाई बहुमत प्राप्त नभएमा उपधारा २ अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने सदस्यलाई मुख्यमन्त्री बनाउने, त्यो पनि सम्भव नभएमा उपधारा ३ अनुसार सबैभन्दा ठुलो दलको नेतालाई मुख्यमन्त्री बनाउने र त्यस्तो सरकारले विश्वासको मत लिन नसकेमा उपधारा ५ मा जाने व्यवस्था संविधानको प्राकृतिक व्याख्या हो। यस आधारमा हेर्दा अहिले मधेशमा जे भएको छ, त्यो स्वाभाविक हो। तर, अदालतका व्याख्या भने इजलासैपिच्छे फरक-फरक भएकाले उपधारा ३ बाट २ मा फर्केका उदाहरण पनि छन् र २ पछि फेरि २ अनुसार नै सरकार बनेका पनि छन्।

■ भनेपछि संवैधानिक हिसाबले हेर्दा मधेशमा गलत भएको होइन त ?

कसैले अदालतमा प्रश्न उठाउन सक्छ। रिट दर्ता भइसक्यो भन्ने सुनिएको छ। भोलि अदालतले जे व्याख्या गर्छ, ठहर्ने त त्यही हो। तर, प्रथम दृष्टिमा हेर्दा भने उपधारा २ असफल भइसकेपछि ३ मा जानु अन्यथा होइन।

■ प्रदेशमा वेलावेलामा यस्ता कानुनी प्रश्न किन उठिरहेका होलान् ?

प्रदेश सभा सदस्यहरू संविधानको मर्मप्रति प्रस्ट नहुनु, उनीहरूलाई यसबारे तालिमको व्यवस्था पनि नहुनु, उनीहरू स्वयं आफ्नो भूमिकाप्रति खासै सचेत नहुनु, दलको नेतृत्वको स्वार्थ या निर्देशनअनुसार उनीहरू चल्नु आदि कारणले पनि यस्तो हुने गरेको हो। साथै, यसबारे अदालका फैसला पनि स्थिर छैनन्। यसमा संविधानमा अलमल छैन, प्रस्ट छ। संविधानले दिएको प्रणालीलाई चलाउने सक्षमता दलहरूमा नदेखिनुको परिणाम मात्र हो यो।

प्रेरक प्रसंग

दुईटाउके पक्षीको नियति

उहिल्यै जंगलमा भारुन्ड नामको एउटा विचित्र किसिमको पक्षी बस्थ्यो। उसको शरीर एउटै थियो भने शिरचाहिँ दुई थिए। दुवै शिरको स्वभाव अलग-अलग थियो, किनकि उनीहरूको मस्तिष्क दुइटा थिए। यसैका कारण यी दुई शिरबिच पटक्कै मेल थिएन। दुवै शिर आपसमा झगडा गरिरहन्थे।

एक दिन आहारा खोज्दै जाने क्रममा एउटा शिरले जमिनमा अनौठो फल देख्यो। यसो ठुँगेर चाख्दा त्यो फल निकै स्वादिष्ट लाग्यो। ऊ निकै खुसी भयो। जिब्रो फड्कारी-फड्कारी स्वादको बखान गर्न थाल्यो। बखान सुनेर दोस्रो शिरले पनि फल चाख्न चाह्यो। तर, पहिलो शिरले छुनसमेत दिएन। उसले दुवैको शरीर एउटै भएकाले आफूले खाए पनि एकै ठाउँमा पुग्ने भन्दै दोस्रो शिरलाई त्यसको स्वाद लिनै दिएन। आफूले मात्र जिब्रो फड्कारी-फड्कारी फलको स्वाद लियो।



यस घटनापछि दोस्रो शिरले जसरी भए पनि पहिलो शिरसित बदला लिएरै छाड्ने अठोट गऱ्यो। एक दिन आहारा खोज्दै जाने क्रममा दोस्रो शिरले आफूले खोजेजस्तै विशेष फल देख्यो र हत्तपत्त त्यसलाई खान तयार भयो। यो सब देखेपछि पहिलो शिरले उसलाई रोक्दै भन्यो- यो फल निकै विषालु छ। यसको सेवनबाट हाम्रो ज्यानसमेत जान सक्छ। दोस्रो शिरले भन्यो- चुप लाग्, उस दिन आफूले देखेको फल आफूले मात्र खाएको तैंले बिर्सिस् ? म जेसुकै खाऊँ, तँलाई के चासो ? पहिले शिरले उसलाई सम्झाउँदै भन्यो- यो फल खाँदा हामी दुवै मर्छौं।

पहिलो शिरको चेतावनीपछि पनि दोस्रो शिरले चर्को स्वरमा जवाफ दियो- ए, तैंले फल खाँदा स्वादिलो, मुखै रसाउने हुने, मैले खाँदाचाहिँ तँ मर्छस् कि भन्ने चिन्ता मैले नै गरिदिनुपर्ने ? तँ चुप लाग्, म फल खाएरै छाड्छु। दोस्रो शिरले फटाफट त्यो विषालु फल ठुँगीठुँगी खायो। एकैछिनमा विषको प्रभावले छट्पटिँदै दुवैको ज्यान गयो।

अर्काको ईर्ष्या गर्दागर्दै कतै हामी पनि भारुन्ड पक्षी त बनिरहेका छैनौं ? एकपटक सोचौं।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

भड्काउने अभिव्यक्ति बन्द गरौं

एमाले अध्यक्ष ओलीले सरकारले अनुमति नदिए पनि विरोध प्रदर्शनमा उत्रिन आफ्ना नेता, कार्यकर्तालाई हुकुम दिएको समाचार सुनियो। पटक-पटक प्रधानमन्त्री भइसकेका जिम्मेवार दलका अध्यक्षका लागि यस्तो अराजक अभिव्यक्ति पटक्कै सुहाएन। यसरी आफ्नो बोलीले कार्यकर्ता भड्काउने कार्य कसैले नगरौं।

● **रिता मगर**, सामाखुसी, काठमाडौं

यस्तो अराजक अभिव्यक्तिले देश र समाजलाई अप्ठ्यारो पार्नु भनेको आफ्नो भविष्यको आफैंले गला रेट्नुबराबर हो है ! आजै र अहिल्यै होस पुऱ्याऔं। भोलिका तपाईं-हाम्रा सन्ततिले तपाईं-हामीलाई नधिक्कारून्।



● **राजेश कार्की**

यो सरकार सारै कमजोर भयो। हिजोका विवादित शासकले समानान्तर सरकार चलाउन थाले। यो अति नै दुर्भाग्यपूर्ण कुरा हो।

● **होम राई**

कानुनको पालना गर्नु सबै नागरिकको उत्तरदायित्व हो। झन् पूर्वप्रधानमन्त्रीले यसरी जनता भड्काउनु निन्दनीय कुरो हो।

● **दीप कुमार**

उनको शासनकालमा नियम-कानुनभन्दा माथि बसेका थिए, अहिले पनि त्यही ठानेका होलान् नि !

● **अञ्जन अधिकारी**

देश बनाउन असफल ज्येष्ठ नागरिक उमेरका नेता आराम गर्न छाडेर किन बारम्बार जनतालाई आक्रोशित र उत्तेजित हुने अराजक भाषण दिँदै छन् ? देश यो हालतमा पुग्नुमा यिनको पनि ठुलो 'योगदान' छ।

● **पुष्प कार्की**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

कांग्रेसको विवाद कहिलेसम्म ?

देश संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ। विगतमा पनि कांग्रेसले कठिनभन्दा कठिन समयमा सुझबुझसाथ पटक-पटकको संक्रमणकालको समाधान गर्दै आइरहेको सबैमा अवगत नै छ। कांग्रेस नेपाली राजनीतिक इतिहासकै सबैभन्दा पुरानो र महत्त्वपूर्ण पार्टी हो भन्नेमा सायद दुईमत नहोला। तर, पछिल्लो समय कांग्रेसमा आन्तरिक विवादको थुप्रै दिनसम्म पनि समाधान हुन सकिरहेको छैन। कांग्रेसको नेतृत्व तहमा रहेका नेताहरूको व्यक्तिगत स्वार्थका कारण यस्तो भएको त होइन नि ? कांग्रेस नेतृत्वले यसबारे सम्पूर्ण नेपालीलाई अवगत गराउनु जरुरी छ। नवयुवा समूहलाई समेत पार्टीमा समाहित गरी वृद्ध पुस्ताले तत्काल पार्टी छाडेर नयाँ नेतृत्वका लागि मार्गप्रशस्त गर्नुपर्नेमा पुरानै वृद्ध पुस्ताले नेतृत्वमाथि कब्जा जमाइरहने हो भने आगामी निर्वाचनमा मतदाताले कांग्रेसलाई कसरी र किन पत्याउने ?

कांग्रेसले अबका दिनमा नवयुवाको मागअनुरूप भ्रष्टाचार अन्त्य गरी जनतालाई सुशासन प्रवाह गराउने मार्गमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने हो भने पार्टीको नियमित महाधिवेशन महामन्त्री गगन थापाले प्रस्ताव गरेकै समयमा गर्नुपर्छ। अन्यथा, कांग्रेसलाई इतिहासमा मात्र खोज्नुपर्ने अवस्था नआउला भन्न सकिन्न।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

भारतीय मूलका अमेरिकी किन ममदानीलाई घृणा गर्छन् ?

न्युयोर्क सहरको मेयर निर्वाचनमा खसेको मत-विश्लेषणले भारतीय मूलका मतदाता बस्ने बस्तीमा ममदानीले खासै मत नपाएको देखाउँछ



देश / विदेश

● निष्ठा गौतम

पक भनाइ छ, जीवनमा सबै प्रकारका दुःख सहने बानी पार्न सकिन्छ, तर प्रतिद्वन्द्वी निरन्तर सफलताको सिँढी चढेको हेर्न भने असह्य पीडा हुन्छ। झन् प्रतिद्वन्द्वीले सबै तगारा पन्छाउँदै सफलता हासिल गरेमा पीडा झन् बढी हुन्छ। खासमा यस प्रकारको दुःख घृणाबाट सुरु हुन्छ र घृणामै समाप्त हुन्छ। न्युयोर्क सहरको मेयर बनेपछिको विजय सभामा 'घुम मचाले'को धुनमा नाचेका सहरका १११औं मेयर जोहरान क्वामे ममदानीलाई घृणा गर्नेहरू भारतीय र अमेरिकी उल्लिखित एउटै असहनीय दुःखले थिचिएका छन्।

ट्रम्प प्रशासनले भिसा नीति बदलेर अमेरिकामा बसिरहेका एनआरआईलाई समस्यामा पारेको र नयाँ आप्रवासी बन्न चाहनेलाई कठिनाइ थपेको धेरै भएको छैन। तैपनि, भारतीयहरू अझै ट्रम्पकै बोलीमा बोली मिलाउँदै ममदानीको विरोध गर्दै छन्। हुन त भारतीय रुढिवादीमा यस्तो हिस्सा पनि छ, जो आफ्नो विभाजनकारी विचारलाई समर्थन नगर्ने अर्को भारतीयलाई 'भारतीयपनमाथि घृणा गर्ने' आरोप लगाउँछन्। अहिले आएर त्यो आरोप तिनैको निधारमा टाँसिएको छ।

अति रिसले अन्धाधुन्ध बन्चरो चलाएझैं रुढिवादी भारतीयले अहिले जातीय घृणा र भेदभावको भावना मलजल गरिरहेका छन्। यस क्रममा ममदानीविरुद्ध ती भारतीय मूलका अमेरिकी श्वेत सर्वोच्चतावादीसँग उभिन पुगेका छन्। आफ्नो धार्मिक पहिचान (मुस्लिम), समाजवादी विचारधाराप्रति कुनै दोषी भाव नदेखाएर ममदानी धेरै गैरआवासीय भारतीयका लागि असहज प्रतिनिधि बनेका छन्। अझ, प्यालेस्टाइनमाथिको दमनका लागि इजरायलको आलोचना गरेको र कुनै मुद्दामा आफ्नै सरकारको आलोचन गरेकै कारण उनलाई सरिया-समर्थक भन्ने हदसम्मको आक्रमण गरिँदै छ।

दुई दशकअघि इस्लामिक अतिवादको सबैभन्दा क्रूर रक्तपात सामना गरेको न्युयोर्क सहरको मेयर पदमा उठेका 'मुस्लिम' ममदानीविरुद्ध पुरानो डरको भावना उचाल्न भरमग्दुर प्रयास गरियो। ममदानीको मुस्लिम पहिचान बारम्बार उल्लेख गरेर न्युयोर्कवासीलाई ११ सेप्टेम्बरको घटना कसले गरेको थियो, सम्झना दिलाउने प्रयास गरियो। मानौं, यस पृथ्वीका हरेक मुस्लिम तिनको धर्मको सबैभन्दा अतिवादी तप्काले मच्चाउने हिंसामा संलग्न हुन्छन्। मानौं, मुस्लिमले अतिवादका योजनाकार वा समर्थक हुनुबाहेक अरू कुनै पहिचानको दाबी गर्न सक्दैनन्। मानौं, एक मुस्लिमले जीवनभर तिनका सहधर्मीले गरेका कुकर्मका लागि क्षमा माग्दै हिँड्नुपर्छ। यस्तोमा, ममदानीले मुस्लिम पहिचान लुकाउनुभन्दा गर्व गरेरै हासिल गरेको जितमा तिनले ठुलो झट्का महसुस गरेका छन्। जित रोक्न नसकेपछि तिनै तप्का अहिले विभिन्न अर्थशास्त्रीको हवाला दिँदै ममदानीले आफ्ना चुनावी वाचा पूरा गर्छन् कि गर्दैनन् भन्नेमा मोडिएका छन्। जब कि, उनले विश्वकै महँगोमध्ये एक यस सहरलाई थोरै भए पनि सहज बनाउने नीति लागू गर्ने बताएका छन्।

न्युयोर्क सहरको मेयर निर्वाचनमा खसेको मत-विश्लेषणले भारतीय मूलका मानिस बस्ने बस्तीमा ममदानीले खासै मत नपाएको देखाउँछ। ममदानीप्रति अधिकांश भारतीयको घृणाको जरा पहिचान र विचारधारामा जोडिन्छ। हिन्दु राष्ट्रवाद र जातीय विशेषाधिकारको आलोचना गर्ने ममदानीको कदमले यस विभाजनकारी सांस्कृतिक वातावरणबाट लाभ पाइरहेकालाई क्रोधित



बनाउनु स्वाभाविक हो। अझ, विदेशी भूमिबाट भारतीय अन्तर्विरोधका कुनै पक्षमाथि पनि टिप्पणी गर्नुलाई विश्वासघातका रूपमा हेर्नेहरूसमेत क्रुद्ध बने।

चुनावी अभियानको सुरुतिरै मोदीको हिन्दुवादी राजनीति र भारतमा जरा गाडेको जात-व्यवस्थाप्रति ममदानीले आलोचनात्मक टिप्पणी गरेका थिए। त्यसपछि भारतीय ह्वाट्सएप ग्रुप र अनलाइन फोरममा उनी 'भारतविरोधी' वा 'हिन्दुविरोधी'का रूपमा चिनिन थाले। तर, यस्तो आरोपले ममदानीको वास्तविक अडानभन्दा आरोप लगाउनेहरूकै असुरक्षा देखाउँछ। पछिल्लो समय, समाजिक सञ्जालमा असहमति छिट्टै व्यक्तिगत आरोप र बदनामीमा परिणत हुनु आमप्रवृत्ति हो। यस्तोमा, खुला रूपमा वामपन्थी बताउने ममदानीको भाडामा बस्नेहरूको अधिकारको वकालत र प्यालेस्टाइनीप्रतिको मुखर समर्थनले उनी आमभारतीयलाई अमेरिकामा बताइने गरको 'मोडेल (आदर्श) अल्पसंख्यक'को छविलाई चुनौती दिन्छ। ममदानीले मूलधारको अमेरिकामा आदर्श मानिने व्यापारिक केन्द्र 'वाल स्ट्रिट'भन्दा पनि न्युयोर्कको कला र विद्रोहको केन्द्र 'वेस्ट भिलेज'लाई प्रतिनिधित्व गर्छन्। यही कारणले अमेरिकानिवासी गैरआवासीय भारतीय (एनआरआई)हरू उनीसँग जोडिएर चिनिन त्रसित भएका हुन्।

आजको विखण्डित अमेरिकी राजनीतिक परिदृश्यमा धार्मिक, जातीय वा वैचारिक पहिचान लुकाउन अस्वीकार गर्नु आफैंमा एक विद्रोह बन्दै छ। यस्तोमा ममदानीको विजयले उनले ओगट्ने पदलाई मात्र नभई समग्र सांस्कृतिक परिवर्तनलाई नै प्रतिनिधित्व गर्छ। न्युयोर्कका समग्र मतदाताले भयको राजनीतिलाई अस्वीकार गर्दै नैतिक अडानलाई समर्थन गर्ने इच्छाशक्ति देखाएका छन्।

अहिले अमेरिकामा रिपब्लिकन पार्टीले गुनासोको राजनीति गर्दै छ, जसलाई सोही पार्टीका राष्ट्रपतिले नै नेतृत्व गर्दै छन्। यस परिदृश्यमा ममदानीले प्रतिनिधित्व गर्ने इमानदारी र सक्रियताको राजनीति एक महत्त्वपूर्ण परिवर्तन हो। सायद, यो आफैंमा एक मौन क्रान्तिको अभिव्यक्ति हो, राजनीतिमा करुणाको पुनरोदय। तर, करुणाको यस राजनीतिमा सहभागी हुने अवसर भारतीय मूलका अमेरिकीहरूले भने छुटाएका छन्।

(गौतम लेखक र शिक्षाविद् हुन्)
एनडिटिभीबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

दिल्लीमा कार विस्फोट, कम्तीमा १३ को मृत्यु

घटनापछि सीमावर्ती बिहार, उत्तरप्रदेशसहित भारतभरि सुरक्षा सतर्कता

नयाँ दिल्लीमा
पर्शुराम काफ्ले/नयाँ पत्रिका

भारतको राजधानी नयाँदिल्लीको व्यस्त क्षेत्र लालकिल्लास्थित मेट्रो स्टेसननजिकै सोमबार साँझ भएको कार विस्फोटमा कम्तीमा १३ जनाको मृत्यु भएको छ। हुन्डाईको आई २० कार विस्फोट घटनाबारे भारतीय सुरक्षा निकायले अनुसन्धान गरिरहेका छन्। मृतक केहीको सनाखत भएको छ।

घटनाबारे दिल्ली क्राइम ब्रान्च, स्पेसल ब्रान्च, फोरेन्सिक साइन्स ल्याब (एफएसएल), नेसनल इन्भेस्टिगेसन एजेन्सी (एनआइए)लगायत एजेन्सीहरूले अनुसन्धान थालेका छन्। दिल्ली पुलिसका आयुक्त सतिश गोल्छाले घटनाबारे भारतीय गृहमन्त्री अमित शाहलाई ब्रिफिङ गरेका छन्। तर, विस्फोट आंतकवादी हमला भए-नभएको भारतीय सरकारले घोषणा गरेको छैन।

लालकिल्ला चोकको ट्राफिक बत्तीमा रोक्न धिमा गतिमा रहेको हरियाणा राज्यको नम्बरप्लेट रहेको कारमा विस्फोट भएको थियो। गोल्छाका अनुसार कारमा अन्य यात्रु पनि सवार थिए। विस्फोटमा आसपासका अन्य गाडी पनि क्षतिग्रस्त भएका छन्।

दिल्ली प्रहरी र गुरुग्राम प्रहरीले कारधनी भनिएका मोहम्मद सलमानलाई नियन्त्रणमा लिएर कारसम्बन्धी सोधपुछ गरेका छन्। सलमानले उक्त कार ओखलामा बस्ने देवेन्द्र नामका व्यक्तिलाई बेचेको र उनले पनि अम्बालामा कुनै अन्य व्यक्तिलाई बिक्री गरेको खुल्न आएको छ। प्रहरीले ती सबैको खोजी गरिरहेको जनाएको छ।

प्रहरीका अनुसार २४ जना घाइतेको लोकनायक अस्पतालमा उपचार भइरहेको छ। गृहमन्त्री शाह र दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ता अस्पताल पुगेर घाइतेहरूको अवस्थाबारे जानकारी लिएका छन्। मेट्रो स्टेसनको गेट नम्बर १ छेउमा पार्क गरिएको गाडीमा विस्फोट भएको टाइम्स अफ इन्डियाले जनाएको छ। घटना भएलगत्तै बारुण यन्त्रले आगो निभाएका थिए।



घटनाप्रति भारतीय राष्ट्रपति द्रौपदी मुर्मू, प्रधानमन्त्री नरेन्द्र मोदी, विपक्षी दलका नेता राहुल गान्धी, रक्षामन्त्री राजनाथ सिंह, दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ता, आन्ध्र प्रदेशका मुख्यमन्त्री चन्द्रबाबु नायडुलगायत सबै प्रदेशका मुख्यमन्त्री एवं नेताले दुःख व्यक्त गरेका छन्। घटनापछि नयाँदिल्लीको सुरक्षा व्यवस्था कडा पारिएको छ भने नेपालसँग सीमा जोडिएका उत्तराखण्ड, उत्तरप्रदेश, बिहार, पश्चिम बंगालसहित सबैजसो राज्यमा सुरक्षा सतर्कता बढाइएको सुरक्षा अधिकारीहरूलाई उद्धृत गर्दै हिन्दुस्तान टाइम्सले जनाएको छ। अमेरिका, फ्रान्सलगायत देशका दिल्लीस्थित राजदूतावासले घटनाबारे प्रतिक्रिया दिँदै नजिकबाट नियालिरहेको उल्लेख गरेका छन्। उनीहरूले आफ्ना नागरिकलाई सुरक्षित बस्न भनेका छन्।

समाचार एजेन्सी एएनआईलाई दिएको प्रतिक्रियामा भारतीय गृहमन्त्री अमित शाहले दिल्ली विस्फोटबारे सबै कोणबाट अनुन्धान भइरहेको बताएका छन्। के यो आतंककारी हमला हो ? भन्ने प्रश्नमा शाहले भने, 'हामी घटनाको सबै कोणबाट अनुसन्धान गर्दै छौं। अहिले नै यो घटना किन भयो भन्न निकै कठिन छ। विस्फोटस्थलबाट संकलित नमुनाहरूको विश्लेषण नभएसम्म यकिन भन्न कठिन छ। हामी सबै कोणबाट दृढतापूर्वक अनुसन्धान गर्छौं र चाँडै सार्वजनिक गर्छौं।'

दिल्लीस्थित नेपाली दूतावासले भन्यो-
घटनामा नेपाली परेको जानकारी छैन

घटनामा नेपाली परेको जानकारी नभएको नेपाली राजदूतावासले जनाएको छ। नयाँदिल्लीमा नेपालीहरूको बाक्लो उपस्थिति छ। नेपाली राजदूतावासका नियोग उपप्रमुख डा. सुरेन्द्र थापाले घटनामा नेपालीहरू परेको जानकारी नभएको बताए। 'यो दुःखद घटनालाई हामीले नजिकबाट नियालिरहेका छौं। हामी सम्बन्धित भारतीय अधिकारीहरूसँग सम्पर्कमा छौं। अहिलेसम्म नेपालीहरू परेको जानकारी छैन। दिल्लीसहित भारतभरि नेपाली नागरिक सुरक्षित हुनुहुन्छ,' उनले नयाँ पत्रिकासँग भने।

हसिनाको पतनपछि बंगलादेशको हिंसामा २८१ को मृत्यु

ढाका/ हसिनाको पतनपछि बंगलादेशमा राजनीतिक हिंसामा २८१ जनाको मृत्यु भएको छ। बंगलादेशको मुख्य मानव अधिकार समूहले एक रिपोर्ट सार्वजनिक गर्दै विद्यार्थी नेतृत्वको विरोध प्रदर्शनले निरंकुश पूर्वनेतृ सेख हसिनालाई अपदस्थ गरेयता बंगलादेशमा राजनीतिक हिंसामा लगभग ३०० जनाको मृत्यु भएको जनाएको हो। 'ओधिकार' नामक संस्थाले ढाकामा एक प्रतिवेदन सार्वजनिक गर्दै अगस्ट २०२४ देखि सेप्टेम्बर २०२५ सम्म राजनीतिक दलसँग सम्बन्धित हिंसामा कम्तीमा २८१ जनाको मृत्यु भएको बताएको हो।

त्यसबाहेक अपराधको आशंकामा ४० जना गैरन्यायिक हत्या पनि भएको समूहले जनाएको छ। यी तथ्यांकका बाबजुद अन्य विषयमा भने हसिनाको पतनपछि मानव अधिकारको पालनामा सुधार भएको 'ओधिकार'का निर्देशक एएसएम नसिरुद्दिन एलानले बताए। तथापि, कानुन प्रवर्तन एजेन्सीहरू अझै पनि जवाफदेही नबनाइएकोप्रति भने उसले प्रश्न उठायो।

हसिनाको १५ वर्षको शासनकालमा व्यापक मानव अधिकार उल्लंघन भएको थियो। हसिनाको पार्टी आबामी लिग विरोधीको सामूहिक नजरबन्द र गैरन्यायिक हत्या सामान्य मानिन्थ्यो। ओधिकारको प्रतिवेदनप्रति बंगलादेशको अन्तरिम सरकार वा कुनै पनि राजनीतिक दलले अहिलेसम्म प्रतिक्रिया दिएका छैनन्।

म्यानमारमा बारुदी सुरुङको जोखिम विश्वमै उच्च

यांगुन/ म्यानमारमा बारुदी सुरुङको जोखिम विश्वमै उच्च रहेको पाइएको छ। राष्ट्रसंघले म्यानमार सबैभन्दा बढी पीडितहरूका साथ बारुदी सुरुङ खतराको मुख्य मुलुक भएको जनाएको हो। राष्ट्रसंघीय बाल कोष (युनिसेफ) तथा बारुदी सुरुङ प्रतिबन्धित गर्ने अन्तर्राष्ट्रिय अभियानको अध्ययनका अनुसार म्यानमार बारुदी सुरुङ तथा हतियार हताहतका लागि विश्वको सबैभन्दा घातक देश हो।।

पछिल्लो समयमा सैनिक शासक जुन्ताले देशव्यापी प्रतिरोधलाई दमन गर्न बारुदी सुरुङ प्रयोग र प्रभाव दोब्बर बनाइरहेको म्यानमारका विशेष प्रतिवेदक टम एन्ड्रुज र अपांगता भएका व्यक्तिको अधिकारका लागि हेबा हाग्रास विशेष प्रतिवेदकले बताए। बारुदी सुरुङ प्रभावले म्यानमारका बच्चामा अधिक प्रभाव पारेको युनिसेफको तथ्यांकले समेत प्रमाणित गरेको छ। पछिल्लो समयमा सैनिक शासक जुन्ताले देशव्यापी प्रतिरोधलाई दमन गर्न बारुदी सुरुङ प्रयोग र प्रभाव दोब्बर बनाइरहेको म्यानमारका विशेष प्रतिवेदक टम एन्ड्रुज र अपांगता भएका व्यक्तिको अधिकारका लागि हेबा हाग्रास विशेष प्रतिवेदकले बताए। बारुदी सुरुङ प्रभावले म्यानमारका बच्चामा अधिक प्रभाव पारेको युनिसेफको तथ्यांकले समेत प्रमाणित गरेको छ।

इतिहासमा आज

नोभेम्बर ११



सन् १९१८ : पहिलो विश्वयुद्धको अन्त्य। जर्मनी र गठबन्धन देशबिच युद्ध अन्त्य गर्न हस्ताक्षर। पहिलो विश्वयुद्धमा एक करोड ७० लाखको मृत्यु भएको थियो।

सन् १८८९ : वासिंटनलाई अमेरिकाको ४२औं राज्यको रूपमा घोषणा।

सन् १९६५ : रोडेसिया (हालको जिम्बाबे) बेलायतबाट स्वतन्त्र घोषित। राष्ट्र संघ र बेलायतले मान्यता दिएपछि रोडेसियाको नाम जनगणतन्त्र जिम्बाबे रहन गयो।

सन् १९७३ : चिलीलाई खेलाउन अस्वीकार गरेको भन्दै तत्कालीन सोभियत युनियनलाई विश्वकप फुटबलबाट बर्खास्त।

सन् १९७५ : ३०० वर्षभन्दा बढी पोर्चुगलको शासनपछि एंगोला स्वतन्त्र घोषित।

सन् २००४ : प्यालेस्टिनी नेता यासेर अराफातको फ्रान्सको राजधानी पेरिसमा निधन। सन् १९६६ देखि २००४ सम्म प्यालेस्टाइनको प्रमुख बनेका अराफात प्यालेस्टाइन स्वतन्त्र संगठन (पिएलए)का अध्यक्ष थिए।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगाको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी फर्म : अुपेन्द्र किराना पसल, प्रोप्राईटर तथा जमानीकर्ता : अुपेन्द्र मान सिंह** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, महोतरीमा प्रा.फ.र.नं. ३६१८/२३/०७३-०७४ दर्ता मिति २०७३/९/११, ठेगाना: जिल्ला महोतरी, मे. गौरहना गा.वि.स वडा नं. २
२)	**ऋणी फर्म : जय माँ लक्ष्मी राल्ला भण्डार, प्रोप्राईटर तथा जमानीकर्ता : रमेश साह** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय महोतरीमा प्रा.फ.र.नं. ७८५१/११३/०७८/०७९ दर्ता मिति २०७८/०४/२१, ठेगाना : जिल्ला महोतरी, औरही न.पा. वडा नं. १
३)	**ऋणी फर्म : प्रफुल पशु फर्म, प्रोप्राईटर तथा जमानीकर्ता : सुशिला यादव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोतरीमा उद्योग दर्ता नं.७२५२/२००/०७७/०७८ दर्ता मिति २०७७/०६/२१, ठेगाना: जिल्ला महोतरी, मंगहा न.पा. वडा नं. ६
४)	**१) ऋणी फर्म : एमरेष्ट फिकस ईंटा उद्योग, साझेदार तथा जमानीकर्ताहरु: १) वीरेन्द्र कुमार यादव, २) प्रविन कुमार यादव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, महोतरी, जलेश्वरमा सा.फ.द.प्र.प.नं. ३८/०७५/०७६ दर्ता मिति २०७५/०९/११, ठेगाना: जिल्ला महोतरी, औरही न.पा. वडा नं. ९ **२) ऋणी फर्म : श्री लक्ष्मी भैंसी फर्म, प्रोप्राईटर तथा जमानीकर्ता : ज्ञानेन्द्र कुमार यादव** दर्ता नं.: घरेलु तथा साना कार्यालय, महोतरीमा प्रा.फ.नं. ४३९५/२/०७३/०७४ दर्ता मिति २०७४/०२/०१, ठेगाना : जिल्ला महोतरी, औरही गा.पा. वडा नं. ५
५)	**ऋणी फर्म : ओम एडर्मेटाइजिङ्ग, प्रोप्राईटर तथा जमानीकर्ता : सुशिल कुमार पाण्डेय** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, पर्सा, वीरगंजमा घ. तथा सा.उ.का : ८१७९/०७३/०७४, दर्ता मिति २०७३/०४/१६, ठेगाना : जिल्ला पर्सा, लिपनिविर्ता गा.वि.स.वडा नं. ३
६)	**१) ऋणी : सोभियत बरुवाल** स्थायी ठेगाना : पर्वत जिल्ला, मल्लाज गा.वि.स वडा नं. ७, हालको ठेगाना : पर्वत जिल्ला, जलजला गा.पा. वडा नं. ३, बाबु : पूर्णबहादुर बरुवाल, बाजे : कर सिं **कर्जाको किसिम : व्यक्तिगत कर्जा** **२) ऋणी : इश्वरी कुमारी सुवेदी बरुवाल** ठेगाना : पर्वत जिल्ला, जलजला गा.पा. वडा नं. ३, बाबु : ठेक बहादुर सुवेदी, ससुरा : पूर्णबहादुर बरुवाल, पति : सोभियत बरुवाल **जमानीकर्ताहरु : १) सोभियत बरुवाल,** स्थायी ठेगाना : पर्वत जिल्ला, मल्लाज गा.वि.स वडा नं. ७, हालको ठेगाना : पर्वत जिल्ला, जलजला गा.पा. वडा नं. ३, बाबु : पूर्णबहादुर बरुवाल, बाजे : कर सिं, **२) लक्ष्मी कुमारी बरुवाल,** स्थायी ठेगाना : पर्वत जिल्ला, माझफाँट गा.प. वडा नं. ७, हालको ठेगाना : पर्वत जिल्ला, जलजला गा.पा. वडा नं. ३, ससुरा : कर सिं बरुवाल, पति : पूर्णबहादुर बरुवाल
७)	**ऋणी : विजय कुमारी श्रेष्ठ** स्थायी ठेगाना : तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ४, हालको ठेगाना : तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ५, बाबु : त्रिवेणी श्रेष्ठ, ससुरा : ठेकलाल श्रेष्ठ, पति : कमल कृष्ण श्रेष्ठ
८)	**ऋणी फर्म : श्री कविता किराना पसल, प्रोपाईटर तथा जमानीकर्ता : कविता थापा मगर** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भीमदत्तनगर, कञ्चनपुरमा प्रा.फ.र.नं २०७३/०७७/७८, दर्ता मिति : २०७८/०१/०५, ठेगाना : जिल्ला कञ्चनपुर, दोधारा चाँदनी न.पा. वडा नं. ६
९)	**ऋणी : जगाती हमाल** स्थायी ठेगाना : दैलेख जिल्ला, तोली गा.वि.स वडा नं. ७, हालको ठेगाना : दैलेख जिल्ला, नारायण न.पा वडा नं. ५, बाबु : खडक बहादुर मल्ल, ससुरा : नन्दलाल जैसी, पति : हस्त बहादुर हमाल
१०)	**ऋणी : दिल बहादुर रोकाय** स्थायी ठेगाना : दैलेख जिल्ला, बडाखोला गा.वि.स. वडा नं. २, हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ३, बाबु : ठेक बहादुर रोकाय, बाजे : जगत बहादुर रोकाय
११)	**ऋणी : राज कुमार अहीर** स्थायी ठेगाना : कपिलवस्तु जिल्ला, हथिहवा गा.प. वडा नं. १, हालको ठेगाना : कपिलवस्तु जिल्ला, शुद्धोधन गा.पा. वडा नं. ५, बाबु : दयाराम अहिर, बाजे : जोखु अहिर
१२)	**ऋणी : दुखनीया चौधरी** स्थायी ठेगाना : दाङ जिल्ला, गंगापरस्पुर गा.वि.स. वडा नं. २, हालको ठेगाना : दाङ जिल्ला, गढवा गा.पा. वडा नं. ४, बाबु : हरिदास चौधरी, ससुरा : धनिराम चौधरी, पति : ज्ञान बहादुर चौधरी
१३)	**ऋणी फर्म : विराट ईलेक्ट्रिकल्स एण्ड मोवाइल, प्रोप्राईटर तथा जमानतकर्ता : रबेन्द्र कुमार कामत** दर्ता नं.: वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरमा, प्रा.फ.र.नं. ३६२६४/०७८/७९, दर्ता मिति : २०७८/०५/२८, ठेगाना : जिल्ला मोरङ, विराटनगर म.न.पा. वडा नं. ११
१४)	**१) ऋणी फर्म : सहिदा कृषि फर्म, प्रोप्राईटर तथा जमानतकर्ता : सहिदा खातुन** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, इटहरी सुनसरीमा, प्रा.फ.नं. : २०५७१/०७९/०८०, दर्ता मिति : २०७९/०८/२१, ठेगाना : जिल्ला सुनसरी, बर्जु गा.पा. वडा नं.०४ **कर्जाको किसिम : व्यक्तिगत कर्जा** **२) ऋणी : सहिदा खातुन,** स्थायी ठेगाना : सुनसरी जिल्ला, पुर्व कुशाह गा.बि.स. वडा नं. ०२, हालको ठेगाना : सुनसरी जिल्ला, बर्जु गा.पा. वडा नं.०४, बाबु : मुस्तफा मिया, ससुरा : स्व. सुलेमान मिया, पति : मोहमद रजाक मिया **जमानीकर्ता : मोहमद रजाक मिया,** स्थायी ठेगाना : सुनसरी जिल्ला, अमडुवा गा.बि.स. वडा नं. ०५, हालको ठेगाना : सुनसरी जिल्ला, बर्जु गा.पा. वडा नं.०४, बाबु : स्व. सुलेमान मिया, बाजे : नक्छेदि मिया
१५)	**ऋणी : विनोद थापा** स्थायी ठेगाना : काभ्रे जिल्ला, खहरे पांगु गा.वि.स. वडा नं. ५, हालको ठेगाना : काभ्रे जिल्ला, रोसी गा.पा. वडा नं. १, बाबु : गोविन्द थापा, बाजे : रामजी थापा
१६)	**ऋणी : रमेश खतिवडा** ठेगाना : धादिङ जिल्ला, गल्छी गा.पा. वडा नं. ७, बाबु : सोम प्रसाद खतिवडा, बाजे : बाल कृष्ण खतिवडा
१७)	**१. ऋणी: विरेन्द्र थापा मगर** स्थायी ठेगाना : धादिङ जिल्ला, थाके गा पा. वडा नं. ४, हालको ठेगाना : धादिङ जिल्ला, थाके गा पा. वडा नं. ६, बाबु: हरिबहादुर थापा मगर, बाजे: लालबहादुर थापा मगर **२. ऋणी: देवकुमार थापा मगर** स्थायी ठेगाना : धादिङ जिल्ला, तर्सपु गा.वि.स वडा नं. ८, हालको ठेगाना : धादिङ जिल्ला, थाके गा पा. वडा नं. ६, बाबु : हरिबहादुर थापा मगर , बाजे: लालबहादुर थापा मगर
१८)	**ऋणी : सुजिता राई** स्थायी ठेगाना : मकवानपुर जिल्ला, हटिया गा.वि.स वडा नं ६, हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौडा उ.म. न.पा. वडा नं १७ बाबु : उद्धब बहादुर वि.क., ससुरा : बिर बहादुर राई, पति : उत्तम राई

नोट: ऋणी तथा जमानीकर्ता/प्रोपाइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/प्रोपाइटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय गौरिघाट, काठमाण्डौंका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति २०८२/०७/२५ गते मंगलबारको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा)

यस बैंक (सावित सेञ्चुरी कमर्सियल बैंक लि.)का तपसिलमा उल्लेखित ऋणीले लिएको बिभिन्न शिर्षक अन्तरगतको ऋण कर्जाको किस्ता (साँवा, ब्याज) लगायत अन्य रकम भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई बैकसंग सम्पर्कमा समेत नरही आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्यौंट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय **गौरिघाट, काठमाण्डौं** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८२/०९/०८ गते मंगलबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा कार्यालय **गौरिघाट, काठमाण्डौं**, दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र कर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क.ऋणी तथा जमानतकर्ताको विवरणः

ऋणी : प्रचलित व्यावसाय ऐन बमोजिम तारकेश्वर न.पा. ५ नं. वडा कार्यालय, गोलढुङ्गा, काठमाण्डौंमा मिति २०७८/०८/२६ गते व्यावसाय दर्ता नं. ५०००१०५ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरीक राजश्व विभाग, आन्तरीक राजश्व कार्यालय, बालाजु, काठमाण्डौंबाट मिति २०७८/१२/०७ मा स्थायी लेखानम्बर (पान) दर्ता प्रमाण पत्र नं. ११९९३३५४५ को प्रमाणपत्र प्राप्त **एरोनेक्स फलफुल तथा तरकारी पसल । फर्मको ठेगाना :** काठमाण्डौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ५, गोलढुङ्गा ।

प्रोप्राईटर तथा जमानतकर्ता : चन्दा गुरुङ तामाङ (ना.प्र.नं. २५-०१-७५-०४०२४, जारी मिति २०७५/०७/०९, जारी गर्ने कार्यालय जि.प्र.का. नुवाकोट)। स्थाई ठेगाना : नुवाकोट जिल्ला तारकेश्वर गा.पा. वडा नं. १ । हालको ठेगाना : काठमाण्डौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ५ । बाबु : महेन्द्र बहादुर गुरुङ । पति : आसमान तामाङ । ससुरा : सेते तामाङ ।	**जमानतकर्ता : आसमान तामाङ** (ना.प्र.नं. २५-०१-६१-००३७८, जारी मिति २०६९/०१/१४, जारी गर्ने कार्यालय जि.प्र.का. नुवाकोट) । स्थाई ठेगाना : नुवाकोट जिल्ला तारकेश्वर गा.पा. वडा नं. १ (सावित दाङसिङ गा.वि.स. वडा नं. २)। हालको ठेगाना : काठमाण्डौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ५ । बाबु : सेते तामाङ । बाजे : मान बहादुर तामाङ ।

लिलाम बिक्री हुने सवारी साधनको विवरण :

धनी प्रभु बैंक लि. (सावित सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी **एरोनेक्स फलफुल तथा तरकारी पसल** भई प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था यातायात व्यवस्था कार्यालय साना/ठुला सवारी, बागमती प्रदेश, ललितपुरमा दर्ता भएको, ईन्जिन नं. G12BN1050570, च्यासिस नं. MA3ERLF1S00A10894 बनाउने कम्पनी मारुती सुजुकी कम्पनीको सवारी नं. **बागमति प्रदेश ०१-०२७ च २९३६** को Suzuki EECO Cargo थान १

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय गौरिघाट, काठमाण्डौं**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा यस बैंकको शाखा कार्यालय मन्थलीमा सम्पर्क गर्न हुन तथा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय गौरिघाट, काठमाण्डौमा** सम्पर्क राख्न सकिनेछ।

प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार २५ कार्तिक ०८२

बागमतीमा उद्योगको क्षमता उपयोग घट्यो, होटेलको अकुपेन्सी बढ्यो

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बागमती प्रदेशका उद्योगहरूको क्षमता उपयोग घटेको एक अध्ययनले देखाएको छ। नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको बागमती प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन, ०८१/८२ ले बागमतीका उद्योगहरूको क्षमता उपयोग ६ प्रतिशत विन्दुले घटेको हो। आव ०८०/८१ मा बागमतीका उद्योगहरूको क्षमता उपयोग ४४.३ प्रतिशत रहेकोमा गत आवमा ३८.७ प्रतिशतमा सीमित भएको प्रतिवेदनमा उल्लेख छ।

समीक्षा वर्षमा सबैभन्दा बढी चाउचाउ उद्योगले ८२.४ प्रतिशत र सबैभन्दा कम गार्मेन्ट उद्योगले ११.८ प्रतिशत क्षमता उपयोग गरेका छन्। तथ्यांकअनुसार प्रशोधित दुध ५३.६ प्रतिशत, पशुदाना ४३ प्रतिशत, बियर ४८.५ प्रतिशत, हल्का पेयपदार्थ १६ प्रतिशत, चुरोट २१.९ प्रतिशत, पस्मिना ४९.५ प्रतिशत, ट्याब्लेट ३७.८ प्रतिशत, क्याप्सुल १८ प्रतिशत र ओइनटमेन्ट उद्योग १९.६ प्रतिशत क्षमतामा सञ्चालन भएको देखिएको छ। समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगहरूले ६ हजार दुई सय ६६ जनालाई रोजगारी प्रदान गरेका छन्।

■ ७२ अर्ब पुँजीका ५४३ उद्योग दर्ता

गत आवमा बागमती प्रदेशमा पाँच सय ४३ वटा उद्योगहरूमा कुल पुँजी ७१ अर्ब ९७ करोड लगानी प्रतिबद्धतासहितका उद्योग दर्ता भएका छन्। उनीहरूले २४ हजार ९३ जनालाई रोजगारी दिने प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनअनुसार सिन्धुपाल्चोकमा एक, रसुवामा एक, धादिङमा आठ, नुवाकोटमा दुई, काठमाडौंमा तीन सय ४०, भक्तपुरमा ८३ र ललितपुरमा ७४ उद्योग दर्ता भएका छन्। यस्तै, काभ्रेपलाञ्चोक आठ, रामेछाप तीन, मकवानपुर १४ र चितवनमा नौ उद्योग दर्ता भएको तथ्यांकमा उल्लेख छ।

■ होटेलको औसत अकुपेन्सी ५७ प्रतिशत

आव ०८०/८१ मा बागमती प्रदेशका होटेलको औसत अकुपेन्सी ५१.९ प्रतिशत थियो। गत आवमा भने त्यो ५७ प्रतिशत पुगेको प्रतिवेदनमा उल्लेख छ। विदेशी पर्यटकका साथै आन्तरिक पर्यटक बढेकाले होटेल, रेस्टुरेन्ट तथा ट्रेकिङदलगायतका पर्यटकीय गतिविधि बढ्दै गएको प्रतिवेदनमा भनिएको छ।

■ यस्ता छन् बागमतीका उद्योगलाई चुनौती

केन्द्रीय बैंकले प्राकृतिक प्रकोपका कारण क्षतिग्रस्त सडक समयमै पुनर्निर्माण नहुँदा कच्चा पदार्थ ढुवानी र उत्पादित वस्तुको बजारीकरणमा समस्या भएको बताएको छ। यसले उद्योगको सञ्चालन खर्च बढेको छ प्रतिवेदनमा उल्लेख छ।

यस्तै, जग्गाको मूल्यमा भएको अधिक वृद्धि, उद्योग स्थापना तथा सञ्चालनका लागि आवश्यक पूर्वाधारहरू सडकमार्ग, पानी, फोहोर व्यवस्थापन, श्रमशक्ति, बजारीकरणको अभावमा नयाँ उद्योग स्थापना तथा सञ्चालन गर्ने काममा पनि चुनौती भएको प्रतिवेदनमा उल्लेख छ। यस्तै, धितोमा आधारित कर्जा विस्तार पद्धतिले साना तथा मझौला उद्योगका लागि वित्तीय स्रोतको उपलब्धता बढाउन चुनौती भएको बताइएको छ।

■ अवसर पनि उत्तिकै

प्रतिवेदनले बागमती प्रदेशका उद्योगलाई ब्याजदर घटेको अवस्थामा कर्जाको उपयोग बढाउन सकिने प्रतिवेदनमा उल्लेख छ। यस्तै, सबैभन्दा धेरै जनसंख्या रहेकाले यस प्रदेशमा औद्योगिक उत्पादनको बजारीकरणको प्रचुर सम्भावना रहेको पनि राष्ट्र बैंकको भनाइ छ।

यस्तै, दोलखामा रहेको प्राकृतिक ग्यासको व्यावसायिक उत्पादन गर्न सकेमा बहुआयामिक अवसरको सिर्जना गर्न सकिने पनि प्रतिवेदनमा उल्लेख छ। यस्तै, हिमाली भेगको पानी र जडीबुटी प्रशोधन-ब्रान्डिङ गरी बिक्री-वितरण गर्ने निर्यात उद्योगहरूको क्षमता विस्तार तथा थप उद्योग स्थापना गर्न सकिने सम्भावना रहेको प्रतिवेदनमा भनिएको छ।

राँगा-भैँसी पाल्नेलाई ५०% अनुदान

२३ जिल्लामा लागू हुने कार्यक्रमका लागि आव ०८२/८३ मा चार करोड ८० लाख विनियोजन

● **इन्द्र ढुंगाना**, वरिष्ठ योजना अधिकृत, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना



मासु निर्यातका लागि राँगा-भैँसीपालनमा ५० प्रतिशत अनुदान दिने कार्यक्रम २३ जिल्लामा लागू भएको छ। यो वर्ष सुरुवातका रूपमा कार्यक्रम परिचालन हुनेछ, लाभदायक हुने भयो भने बिस्तारै बजेट थपेर अन्य जिल्लामा पनि विस्तार हुनेछ। कार्यक्रमबाट आगामी दुई वर्षभित्र पाँच हजार पाडा-पाडी तयार हुने, करिब आठ सय किसान लाभान्वित हुने अपेक्षा छ। अनुदान प्राप्तिका लागि किसानहरूबाट निवेदनसमेत पर्न थालिसकेको छ।

अजित अधिकारी/नयाँ पत्रिका

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले मासु उत्पादनका लागि राँगा-भैँसी पाल्ने किसान तथा कृषि उद्यमीलाई ५० प्रतिशत अनुदान दिने कार्यक्रम लागू गरेको छ।

मन्त्रालयमातहतको राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनामार्फत २३ जिल्लामा कार्यक्रम लागू गर्ने गरी 'मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैँसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, ०८२' जारी गरिएको छ। चीनतर्फ राँगा-भैँसीको मासु निर्यातको उच्च सम्भावना भएकाले उत्पादन वृद्धिका लागि अनुदान कार्यक्रम ल्याइएको परियोजनाले जनाएको छ।

परियोजनाका वरिष्ठ आयोजना अधिकृत इन्द्र ढुंगानाले चालू आर्थिक वर्ष ०८२/८३ का लागि अनुदान दिन चार करोड ८० लाख विनियोजन भएको बताए। 'खासगरी पाडा-पाडी खरिद र स्याहारमा अनुदान दिने नीति हो। किसानको लागतका आधारमा ५० प्रतिशत अनुदान दिने भनिए पनि अधिकतम कति रकम अनुदानबापत दिने भन्ने उल्लेख छैन,' उनले भने। किसानलाई एक लाखदेखि १० लाखसम्म अनुदान दिन सकिने, तर यकिन रकम नतोकिएको उनले बताए।





परियोजनाका अनुसार इलाम, तेह्रथुम, खोटाङ, मोरङ, सिराहा, धनुषा, सर्लाही, बारा, सिन्धुली, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, भक्तपुर, कास्की, स्याङ्जा, बागलुङ, रुपन्देही, कपिलवस्तु, गुल्मी, दाङ, बर्दिया, कञ्चनपुर र कैलाली गरी २३ जिल्लामा कार्यक्रम लागू गरिएको बताए। 'यो वर्ष सुरुवाती चरण हो। त्यसैले २३ जिल्लाबाट अभ्यास गरिएको हो,' ढुंगानाले भने, 'कार्यक्रम लाभदायी हुने देखियो भने आगामी वर्षबाट अन्यत्र पनि विस्तार गर्न सकिन्छ।' अनुदान लिनका लागि सकेसम्म सरकारी स्रोतबाटै पाडा-पाडी खरिद गर्नुपर्ने र अनिवार्य बिमा गर्नुपर्ने सर्त राखिएको छ।

कार्यक्रमबाट अपेक्षित उपलब्धि

परियोजनाले यो वर्षको कार्यक्रमबाट पाँच हजार पाडापालन गरी दुई वर्षपछि सात सय ५० मेट्रिकटन मासु उत्पादन हुने र त्यसबाट करिब ४३ करोडबराबरको आम्दानी हुने अपेक्षा गरेको जनाएको छ।

त्यस्तै, एक सय व्यावसायिक कृषक र सात सय साना किसान लाभान्वित हुने, करिब एक सयवटा गोठ सुधार हुने र तीन सय ७५ हेक्टर क्षेत्रफलमा घाँसखेतीको विस्तार हुने परियोजनाको दाबी छ।

चीनमा राँगा-भैँसीको मासु निर्यात गर्ने उद्देश्यले २७ अर्ब लगानीमा नेपालभित्रै उद्योग खोल्न सरकारले स्वीकृति प्रदान गरेपछि कृषि मन्त्रालयले अनुदान कार्यक्रम ल्याएको हो। चीनको हेइदु जियान फुड लिमिटेडको २० अर्ब रुपैयाँबराबरको प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन गत साउनमा उद्योग विभागले स्वीकृति दिएको थियो। उक्त कम्पनीमा नेपाली साझेदार हिमालयन फुड इन्टरनेसनलले सात अर्ब लगानी गर्ने समझदारी छ।

दुवै कम्पनीको सहकार्यमा सिन्धुलीमा कारखाना स्थापनाको प्रक्रियासमेत अघि बढेको छ। सरकारले यो कम्पनीलाई मासु निर्यातर्फ 'गेम चेन्जर' हुने दाबी गर्दै आएको छ। उद्योगमा कच्चा पदार्थ उपलब्ध गराउन सरकारले अनुदानमा किसानलाई पाडा-पाडीपालन कार्यक्रममा आकर्षण गर्न खोजेको हो।

माउन्टेन इनर्जी नेपाल लि.
Mountain Energy Nepal Ltd.

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
